# गलकोटपत्र

'स्थानीय सञ्चार, समुदायका लागि शक्ति र अवसर'

Galkotpatra Weekly — साप्ताहिक






○ वर्ष १६ ○ अङ्क २४ ○ २०८३ साउन १८ गते सोमबार ○ नेपाल संवत ११४६ ○ 03 August 2026, Monday ○ पृष्ठ ६ ○ मूल्य रु. ८


## सामुदायिक रेडियो गलकोट १६ वर्षमा

गलकोटपत्र/हटिया

सामुदायिक रेडियो गलकोट एफ.एम. १०२.४ मेगाहर्जको १५ औँ वार्षिकोत्सव अन्तरक्रिया तथा शुभकामना आदान प्रदान गरी मनाईएको छ ।

समृद्ध गलकोटको लागि सामुदायिक रेडियो गलकोट भन्ने नाराका स्थापित यस रेडियो प्रसारण शुभारम्भको आज १५ औँ वर्ष पुरा गरी १६ औँ वर्षमा प्रवेश गरेको हो ।

कार्यक्रममा गलकोट नगरपालिका वडा नम्वर ५ का वडा अध्यक्ष पवन हमालले रेडियोले सत्य, तथ्य र सन्तुलित समाचार, सूचना सम्प्रेषण गर्दै नागरिकको सूचना पाउने अधिकारलाई वञ्चित गर्न नहुने बताए । उनले ग्रामीण क्षेत्रबाट सञ्चालित सामुदायिक रेडियो गलकोटले ग्रामीण क्षेत्रका जनजिविकाका कथा व्यथा सँगै कला, संस्कृति, पर्यटन प्रवर्द्धन र समाजमा शुसासन निर्माण गर्न खेलेको भुमिकाको प्रशंसा गरेका थिए । हमालले पालिकाका विषयमा रेडियोले उठान गरेको विषयले समुदायमा सकारात्मक प्रभाव पारेको



बताउँदै रेडियोको सबलीकरणमा विशेष जोड दिनुपर्ने र कसैको आग्रह, पूर्वाग्रह, दबाव र प्रभावमा नपरी निष्पक्ष समाचार आम नागरिकलाई दिनुपर्नेमा जोड दिए ।

कार्यक्रममा सामुदायिक रेडियो गलकोटका संस्थापक अध्यक्ष राज बहादुर थापा, गलकोट उद्योग वाणिज्य संघका अध्यक्ष ढालिन्द्र प्रसाद गौतम, संस्थापक सह सचिव विर बहादुर बोहोरा क्षेत्री, सल्लाहकार सदस्य चुडामणि शर्मा, लेखा समिति संयोजक खिमनाथ गौतमले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रम सामुदायिक रेडियो गलकोटका अध्यक्ष विरेन्द्र श्रेष्ठको अध्यक्षता, स्टेसन प्रमुख शर्मिला रोका मगरको स्वागत र सचिव वीर बहादुर चोखालको सञ्चालनमा सम्पन्न भएको थियो ।

सूचना र संचारका माध्यमबाट

बाँकी पृष्ठ ४ मा".

## थालेपोखरामा नेटवर्क समस्या

विशाल बि.क./हटिया

गलकोट नगरपालिका वडा नं. ८ थालेपोखराका स्थानीय बासिन्दाहरू लामो समयदेखि मोबाइल नेटवर्कको गम्भीर समस्याबाट आजित बनेका छन् ।

गाउँबाट करिब २० मिनेटको दूरीमा मोबाइल टावर रहेको भए पनि गाउँमा भने पर्याप्त सिग्नल नआउँदा लामो समयदेखि यहाँका बासिन्दाहरू सञ्चार सेवाबाट प्रभावित हुनुपरेको छ ।

गाउँ नजिकै टावर भए पनि भौगोलिक बनावट वा अन्य प्राविधिक कारणले थालेपोखरा बस्तीमा मोबाइलको सिग्नल अत्यन्तै कमजोर (कम) आउने गर्दछ । फोनमा कुराकानी गर्न वा इन्टरनेट (डाटा) चलाउनैपरे पनि स्थानीयहरू घरभित्र बस्न सक्दैनन् । सामान्य फोन कल गर्न वा सन्देश पठाउनसमेत घरबाट बाहिर निस्किएर खुला ठाउँ वा डाँडातिर जानुपर्ने बाध्यता रहेको छ । सञ्चारको राम्रो सुविधा नहुँदा आपतकालीन अवस्थामा खबर आदानप्रदान गर्न, व्यापार–व्यवसाय सञ्चालन गर्न तथा विद्यार्थीहरूको पठनपाठनमा ठूलो असर पुगेको स्थानीयले बताएका छन् ।

स्थानीय बासिन्दाहरूले यस समस्याको समाधानका लागि सम्बन्धित निकाय, दूरसञ्चार सेवा प्रदायकहरूसँग पटकपटक आग्रह गर्दा त्यो ठाउँमा त्यस्तो कुनै समस्या नभएको भन्ने गरेका छन् । तर, बारम्बार अनुरोध गर्दा समेत सम्बन्धित निकायले यसलाई गम्भीर

बाँकी पृष्ठ ४ मा".

## गलकोटमा सर्वदलीय बैठक

गलकोटपत्र/हटिया

गलकोट नगरपालिकाभित्र सक्रिय विभिन्न राजनीतिक दल तथा गलकोट उद्योग वाणिज्य संघले सामाजिक सञ्जाल मार्फत फैलाइएका भ्रामक, आधारहीन तथा समाजमा भ्रम सिर्जना गर्ने गतिविधिप्रति गम्भीर ध्यानाकर्षण भएको जनाउँदै संयुक्त प्रेस विज्ञप्ति जारी गरेका छन् ।

विभिन्न फेसबुक पेज लगायत अन्य सामाजिक सञ्जाल मार्फत गलकोटका सरकारी तथा गैरसरकारी संस्था, उद्योगी–व्यवसायी, जनप्रतिनिधि तथा विभिन्न व्यक्तिहरूमाथि निराधार आरोप लगाउने, अपुष्ट सूचना तथा अनावश्यक विषयवस्तु प्रचार–प्रसार गर्ने कार्य भइरहेको भन्दै विज्ञप्ति मार्फत आपत्ति जनाइएको हो । साथै कृत्रिम बुद्धिमत्ता (एआई) बाट निर्मित नकारात्मक सन्देशयुक्त फोटो तथा भिडियोहरू समेत सामाजिक सञ्जालमा प्रचार–प्रसार भइरहेकाले यस्ता सामग्रीलाई विश्वास नगर्न तथा प्रचारमा सहयोग नगर्न सबैमा आग्रह गरेको छ ।

संयुक्त विज्ञप्तिमा नेपालको संविधानले प्रत्येक नागरिकलाई अभिव्यक्ति स्वतन्त्रताको अधिकार सुनिश्चित गरेको भए पनि सो अधिकार प्रयोग गर्दा कानुन, सामाजिक मर्यादा तथा अरूको प्रतिष्ठाको सम्मान गर्नु सबै नागरिकको दायित्व भएको उल्लेख गरिएको छ । कुनै पनि व्यक्ति वा संस्था विरुद्ध पर्याप्त प्रमाणबिना आरोप लगाउने, अपवाह फैलाउने तथा भ्रम सिर्जना गर्ने कार्य लोकतान्त्रिक मूल्य–मान्यता र विधिको शासन विपरीत हुने विज्ञप्तिमा जनाइएको छ ।

कसैले जानाजान झुटा सूचना, मानहानि हुने सामग्री वा सामाजिक वैमनस्य फैलाउने गतिविधि गरेको पाइएमा सम्बन्धित

बाँकी पृष्ठ ४ मा".

## नमुना विद्यालय बन्दै चमुवा

बालकृष्ण सुवेदी/हटिया

गलकोट नगरपालिका वडा नं. ४ को चमुवा आधारभूत विद्यालय शैक्षिक क्षेत्रमा नमुना बन्दै गएको छ ।

कक्षा १ देखि ८ सम्म सञ्चालनमा रहेको यस विद्यालयले लगातार शतप्रतिशत् शैक्षिक नतिजा हासिल गर्दै जिल्लाकै उत्कृष्ट सामुदायिक विद्यालयका रूपमा स्थापित गर्न सफल भएको छ । विद्यालयले पछिल्लो ३ वर्ष कक्षा ८ मा शतप्रतिशत विद्यार्थी उत्तीर्ण गराउन सफल भएको हो । सीमित स्रोतसाधन, शिक्षक अभाव र आवतजावतको कठिनाइका बीच पनि यो उपलब्धि हासिल हुनु ठूलो कुरा रहेको विद्यालयले जनाएको छ । शिक्षकको समर्पण, विद्यार्थीको लगनशील मेहनत, अभिभावकको साथ र विद्यालय व्यवस्थापनको दूरदृष्टिले गर्दा विद्यालयले आज नयाँ उचाइ चुम्न सफल भएको हो ।

पहिले जस्तो जीर्ण भवन होइन, अहिले विद्यालयमा आकर्षक भवन, सफा र व्यवस्थित खेलमैदान र हरियाली वातावरण छ । कक्षा कोठादेखि शौचालयसम्म सफा राख्ने अभियानले गर्दा विद्यार्थी र अभिभावक दुवै विद्यालयप्रति आकर्षित भएका छन् । अतिरिक्त क्रियाकलाप, खेलकुद र नियमित अभिभावक भेटघाटले शैक्षिक गुणस्तर अझै मजबुत बनाएको छ । विद्यालयका प्रधानाध्यापक नवीन सुवेदी भन्छन्, 'हामी दुर्गममा छौं भनेर कहिल्यै निराश भएनौं । बरु चुनौतीलाई अवसर बनायौं। हरेक विद्यार्थीलाई व्यक्तिगत रूपमा फलोअप गर्ने, नियमित गृहकार्य र अभिभावकसँगको समन्वय नै हाम्रो सफलताको मुख्य सूत्र हो।' विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विकास सुवेदीले समुदायको एकताकै कारण विद्यालयको मुहार फेरिएको बताए । 'सरकार, अभिभावक र सरोकारवाला सबैको सहयोग भएमा सफल भइँदोरहेछ', उनले भने । भौगोलिक विकटताका कारण धेरै विद्यालय ओझेलमा पर्ने गरेपनि चमुवा आधारभूत विद्यालयले देखाएको यो सफलताले इच्छा भए सबै सम्भव छ भन्ने सन्देश दिएको छ। आज यो विद्यालय केवल नतिजाको लागि मात्र होइन, ग्रामीण शिक्षाको प्रेरणादायी मोडेलका रूपमा चिनिएको छ ।

साथै बिद्यालय प्रबिधिमैत्री छ । हरेक कक्षाकोठामा स्मार्ट बोर्डको ब्यबस्था समेत गरिएको छ । विद्यालयमा हाल १सय ७ विद्यार्थी छन् । ८ कक्षामा भने जम्मा ८ जना विद्यार्थी रहेका छन् । सुरुसुरुमा विद्यार्थी संख्या उल्लेख्य भए पनि हाल बढ्दो बसाइसराईले विद्यार्थी घट्न पुगेको विद्यालयले जनाएको छ । विद्यालयको शैक्षिक वातावरणका कारण छिमेकी वडा नम्बर १ को दुदिलाभाटीबाट समेत विद्यार्थी आउने गरेका छन् ।

## गलकोटमा डिजिटल शिक्षाको विस्तार

शर्मिला रोका मगर/हटिया

गलकोट नगरपालिकाले सामुदायिक विद्यालयमा आधुनिक प्रविधिको प्रयोग मार्फत शिक्षण–सिकाइ प्रक्रियालाई थप प्रभावकारी, गुणस्तरीय र विद्यार्थीमैत्री बनाउने उद्देश्यले नगरभित्रका विद्यालयहरूलाई ४७ वटा स्मार्ट बोर्ड हस्तान्तरण गरेको छ ।

हस्तान्तरण गरिएका स्मार्ट बोर्डको एक कार्यक्रमबीच गलकोट नगरपालिकाका नगरप्रमुख भरत शर्मा गैरेले उद्घाटन गरेका छन । स्मार्ट बोर्ड उद्घाटन गर्दै नगरप्रमुख गैरेले बदलिँदो समयसँगै शिक्षा क्षेत्रलाई पनि प्रविधिसँग जोड्न आवश्यक रहेको बताए । उनले वर्तमान समय विज्ञान, सूचना तथा सञ्चार प्रविधिको युग भएकाले विद्यालयहरूमा आधुनिक प्रविधिको प्रयोग बढाउँदै विद्यार्थीलाई व्यवहारिक, गुणस्तरीय र प्रतिस्पर्धी शिक्षा प्रदान गर्ने लक्ष्यका साथ नगरपालिकाले स्मार्ट बोर्ड वितरण कार्यक्रम सञ्चालन गरेको बताए । नगरप्रमुख गैरेले परम्परागत शिक्षण प्रणालीलाई आधुनिक प्रविधिसँग जोड्दा विद्यार्थीको सिकाइप्रतिको रुचि बढ्ने, शिक्षकलाई विषयवस्तु प्रभावकारी ढंगले प्रस्तुत गर्न सहज हुने तथा कक्षाकोठाको सिकाइ वातावरण थप सहज बन्ने विश्वास व्यक्त गर्नुभयो । गैरेले नगरपालिकाले आगामी दिनमा पनि शिक्षा क्षेत्रको भौतिक, शैक्षिक तथा प्रविधिगत विकासलाई उच्च प्राथमिकतामा राखेर आवश्यक कार्यक्रम सञ्चालन गर्दै जाने प्रतिबद्धता समेत व्यक्त गरेका थिए ।

नगरपालिकाका अनुसार नगरभित्र सञ्चालित सम्पूर्ण माध्यमिक विद्यालय, कक्षा १ देखि ८ सम्म सञ्चालन भएका सबै आधारभूत विद्यालय तथा कक्षा १ देखि ५ सम्म सञ्चालन भएका विद्यार्थी संख्या बढी रहेका ३ आधारभूत विद्यालयलाई गरी कुल ४७ वटा स्मार्ट बोर्ड हस्तान्तरण गरिएको हो । यसबाट नगरका हजारौं विद्यार्थी प्रत्यक्ष रूपमा लाभान्वित हुने अपेक्षा गरिएको छ । स्मार्ट बोर्डको प्रयोगसँगै विद्यालयमा डिजिटल माध्यमबाट पठनपाठन सञ्चालन गर्न सहज हुने, श्रव्य–दृश्य सामग्रीमार्फत सिकाइलाई थप प्रभावकारी बनाउन सकिने तथा विद्यार्थीको सिर्जनशीलता र सहभागिता अभिवृद्धि हुने गलकोट नगरपालिका शिक्षा, युवा तथा

बाँकी पृष्ठ ४ मा".


गलकोट अफसेट प्रेस

उच्च गुणस्तरीय छपाई र उत्कृष्ट ग्राहक सेवाको लागि सदैव हामीलाई विश्वसनीय साथीको रुपमा सम्झनुहोस् ।

गलकोट नगरपालिका-३, क्याम्पसगेट, हटिया, बागलुङ

अफसेट छपाई · व्यानर छपाई · सेल्फ स्ट्याम · टाइपिङ, फोटोकपी · टी-शर्ट प्रिन्ट · लेमिनेसन · ग्राफिक्स डिजाइन

YOUR DESIGN HERE

विवाह कार्ड छपाई गर्ने ठाँउ !

कार्यक्रमका प्रमाण-पत्र, व्याच, मायाको चिनो, फ्रेम, मेडल, ट्रफी, लगायत सम्पूर्ण सामाग्रिहरु पनि उपलब्ध छन् ।

प्रो. ज्ञान खड्का सागर

फो. ०६८-४१००७१, ९८५७६११३७१

नयाँ नेपाल निर्माणको लागि ग्रामीणमुखी पत्रकारिता

सम्पादकीय ✍...........

## जनप्रतिनिधि जवाफदेही हुनुपर्छ ।

६ दशकभन्दा लामो समय नेपाली जनताले गरेको संघर्ष र बलिदानीका कारण नेपाल संघीय लोकतान्त्रिक गणतान्त्रात्मक मुलुक बनेको हो । जनताका प्रतिनिधीहरुले संविधान ससभामा व्यापक छलफल र सहमति गरेर नेपालको संविधान २०७२ घोषणा भएको हो । नेपालमा ७ प्रदेश र ७ सय ५३ स्थानीय पालिकाको व्यवस्था गरियो ।संघीय लोकतान्त्रिक व्यवस्थाको मूल उद्देश्य जनतालाई आफ्नै घरआँगनमा सहज, छिटो र प्रभावकारी सेवा उपलब्ध गराउनु हो। यही उद्देश्यका साथ स्थानीय तहलाई अधिकार सम्पन्न बनाइयो र वडामा वडा अध्यक्ष सहित ५/५ जना जनप्रतिनिधिहरू निर्वाचित भए । तर विडम्बना, कतिपय वडा सदस्यहरू जनताको सेवाभन्दा आफ्नै पेशा, व्यवसाय र व्यक्तिगत काममा बढी व्यस्त देखिन्छन्। कार्यालयमा नियमित उपस्थित नहुने, जनगुनासो नसुन्ने तर राज्यबाट मासिक भत्ता भने नियमित बुझ्ने प्रवृत्ति बढ्दै गएको गुनासो सर्वत्र सुनिन थालेको छ।

जनप्रतिनिधिहरु जनताले निर्वाचित गरेका सेवक हुन्, मालिक होइनन्। उनीहरूको पहिलो जिम्मेवारी वडा कार्यालयमा नियमित उपस्थित भई नागरिकका समस्या सुन्नु, सेवा प्रवाहलाई सहज बनाउनु र विकास निर्माणका काममा सक्रिय भूमिका खेल्नु हो। तर कतिपय स्थानमा नागरिक कार्यालय पुग्दा वडा सदस्य भेटिंदैनन्। सेवाग्राही पटक-पटक धाउन बाध्य हुन्छन्। यसले जनतामा स्थानीय सरकारप्रतिको विश्वास कमजोर बनाइरहेको छ। राज्यबाट उपलब्ध गराइने भत्ता कुनै सम्मानस्वरूप दिइने सुविधा मात्र होइन, त्यो जनसेवाको जिम्मेवारी पूरा गरेबापत प्रदान गरिने सार्वजनिक स्रोत हो। काम नगरी भत्ता बुझ्नु नैतिक दृष्टिले गलत मात्र होइन, जनताको करबाट संकलित रकमप्रति अन्याय पनि हो । जनप्रतिनिधिले आफ्नो जिम्मेवारी पूरा नगरी सुविधा मात्र लिने संस्कृतिले सुशासनको आधार कमजोर बनाउँछ । जनप्रतिनिधि हुनु प्रतिष्ठाको विषय मात्र होइन, समय, श्रम र उत्तरदायित्वको पनि विषय हो । जनताको विश्वास जितेर निर्वाचित भएपछि त्यसको मूल्य कामबाट देखाउनुपर्छ। स्थानीय तहमा दोस्रोपटक निर्वाचित विशेषत वडासदस्यहरु स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले तोकिएको काम कर्तव्य पूरा गरेका छन कि छैनन । निर्वाचनमा गरेको प्रतिबद्धता अनुसार अगाडि बढेका छन कि छैनन ? राजनीतिक दल कति लाचार छन यसको मूल्याङ्कन जनताले आगामी निर्वाचनमा पक्के गर्ने छन ।

लोकतन्त्र केवल निर्वाचन जितेर समाप्त हुँदैन! जनताको विश्वासलाई दैनिक काममार्फत कायम राख्नुपर्छ । वडा सदस्यहरू कार्यालयमा उपस्थित भएर नागरिकको सेवा गर्नु उनीहरूको संवैधानिक, कानुनी र नैतिक दायित्व हो। जनताले खोजेको प्रतिनिधि भत्ता बुझ्ने होइन, जिम्मेवारी निभाउने प्रतिनिधि हो। स्थानीय सरकारप्रतिको जनविश्वास जोगाउने हो भने सेवा, पारदर्शिता र उत्तरदायित्वलाई व्यवहारमै उतार्न अब ढिलाइ गर्नु हुँदैन। वडा अध्यक्षहरुले कार्य सम्पादनका आधारमा वडा सदस्यको भत्ता निकाशाको लागि सहजीकरण र वडाको विकास र जनताको समस्यामा एकाकार हुन सहजीकरण गर्नु पर्दछ । सबै जनप्रतिनिधिहरु जनताप्रति उत्तरदायी र जवाफदेही हुनु पर्दछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

बागलुङ जिल्ला कोड नं. ०६८

जिल्ला प्रशासन्: ५२०१३३/५२०२३३
प्रहरी :- ५२०१९९/५२०२१९/१००
धौ.अ.प्र.का.- ५२०१९३/५२०१०५/५२०३०१
जिल्ला ट्राफिक प्रहरी :- ५२०३९९
बागलुङ कारगार:- ५२०२६७
नेपाली सेना :- ५२०२००
अञ्चल अस्पताल :- ५२०२८८/५२०१८८
रक्त सञ्चार केन्द्र :- ५२०२७३
नेपाल रेडक्रस सोसाईटी:- ५२०१६९
आँखा असपताल :- ५२०१३७
जि.स.स.:- ५२०१४४/५२०१४८/५२०४०५
विद्युत प्राधिकरण :- ५२०२२०/५२०१७७
बस टिकट काउण्टर-चिप्लेटी) :- ५२११३२
जीप टिकट काउण्टर :- ५२११४०
दुरससञ्चार:- ५२०१११/५२०२२२/५२०२४४
डि.सहकारी का. :- ५२०३०२
ई.प्र.का. हरिचौर :- ४११०५५
ई.प्र.का. तारा :-९८५१०००७५८
हटिया प्रहरी चौकी :- ९८५७६९०१५८
नरेठाँटी प्रहरी चौकी: ९८०८४६३६०४
ग.प्रा.स्वा.के. हरिचौर :- ४११०८८
गलकोट एफ.एम.:- ४१२०४३
जिप काउण्टर हटिया:- ४१२०८८
जिप काउण्टर हरिचौर:- ४११०३६
बस काउण्टर हटिया:- ४१२०५५

गलकोट नगरपालिका:-
प्रमुख:- ९८५७६४०७५१
उप-प्रमुख:- ९८५७६२०८८४
गलकोट नगरपालिका वार्ड अध्यक्षहरु:-
वार्ड नं.१:- ९८५७६४८८८१
वार्ड नं.२:- ९८५७६२७२२२
वार्ड नं.३ :- ९८४७६६२९११
वार्ड नं.४:- ९८५७६४०८४६
वार्ड नं.५:- ९८४७७२०६६५
वार्ड नं.६:- ९८६१२९६३६५
वार्ड नं.७:- ९८५७६२२९२१
वाड नं.८:- ९८५७६२१११४
वार्ड नं.९:- ९८५७६२२८४२
वार्ड नं.१०:- ९८५७६२२१०८
वार्ड नं.११:- ९८५७६२९११५
प्रमुख प्र. अधिकृत:- ९८५७६४८१११
ताराखोला गाउँ पालिका
अध्यक्ष:- ९८५७६२३५०१
उपाध्यक्ष:- ९८४७६६५१६०
ताराखोला गाउँपालिका वार्ड अध्यक्षहरु:-
वार्ड नं.१:- ९८५७६६११२१
वार्ड नं.२:- ९८५७६६११२२
वार्ड नं.३ :- ९८५७६६११२३
वार्ड नं.४:- ९८५७६६११२४
वार्ड नं.५:- ९८५७६६११२५
प्रमुख प्र. अधिकृत:- ९८५७६६११११

# कक्षा शिक्षण अद्यावधिक कसरी गर्ने ?



✍... लाल बहादुर नेपाली

कुरा वि.सं. २०१९ मा महेन्द्र राजा भएपछि र पञ्चायती व्यवस्था आए पछिको हो । तर हामीले स्कुल बहुदलीय व्यवस्था आउनुभन्दा पहिलाको हो अनि वि.सं. २०५२/५३ खासै परिवर्तन आएको होइन् । महेन्द्रमाला किताब पढेको पनि हो । किताबमा लेखिएको पनि थियो । शिक्षाको घामबाट कुनै पनि बालबालिका पछि नपरुन् । यो त राजा महेन्द्रको देन भनिन्छ तर पनि भारतिय उपमहादिपको पनि प्रभाव हो । म त्यो महसुस गदर्छु । यो किन भने जुन शिक्षाको बहाव र चेतना भारतमा आएको थियो त्यो नेपालमा वर्षाको बाछिंटा हो । यो पछि मात्र भारतको वसाई र अध्ययनले बतायो ।

शिक्षा कुनै पनि राष्ट्रको समग्र विकासको आधार हो । यो दुई मतको कारण होइन तर पनि शिक्षाको गुणस्तर शिक्षकको कार्यसम्पादनमा निर्भर हुन्छ, यो मान्न जरुरी हो वा होइन । विद्यालयमा शिक्षकले निर्वाह गर्ने भूमिका केवल पाठ पढाउने व्यक्तिको मात्र नभई विद्यार्थीको व्यक्तित्व विकास, नैतिक आचरण, सिर्जनात्मक सोच, समस्या समाधान क्षमता, सामाजिक व्यवहार तथा जीवनोपयोगी सीप विकास गर्ने मार्गदर्शकको पनि हो, तर कसरी ? समयको परिवर्तनसँगै शिक्षण सिकाइका विधि, प्रविधि, मूल्याङ्कन प्रणाली तथा कक्षाकोठा व्यवस्थापनका अवधारणामा व्यापक परिवर्तन आएको छ र भएको पनि हो तर प्रयोगमा हामी पछि नै छौं । यस परिवर्तनसँगै शिक्षकको कार्यसम्पादन पनि परम्परागत शैलीबाट आधुनिक, प्रविधिमैत्री, विद्यार्थी केन्द्रित तथा नतिजामुखी बन्न आवश्यक भएको छ । जति आधुनिक कुरा गरे पनि जति डिजिटल कुरा गरे पनि प्रणाली परिवर्तन त देखिएन । केही स्कुल होलान तर समग्रमा कहाँ छ यो डिजिटल प्रणाली ? अद्यावधिक कक्षाकोठा शिक्षकको कार्यसम्पादन भन्नाले समयसापेक्ष ज्ञान, सीप, प्रविधि, शिक्षण विधि, समावेशी सोच, व्यावसायिक नैतिकता र निरन्तर सुधारको भावनासहित विद्यार्थीको सिकाई उपलब्धि वृद्धि गर्न गरिने सम्पूर्ण शैक्षिक गतिविधिलाई जनाउँछ तर पनि कहाँ चुकिरहेको छ यो व्यवस्था ?

वर्तमान समयमा शिक्षक केवल पाठ्यपुस्तकमा सीमित रहने व्यक्ति होइन मेरो बुझाई । शिक्षकले पाठ्यक्रमको उद्देश्य, विद्यार्थीको आवश्यकता, स्थानीय सन्दर्भ, सूचना तथा सञ्चार प्रविधिको प्रयोग, सिर्जनात्मक गतिविधि तथा व्यवहारिक शिक्षालाई समेटेर सिकाईलाई प्रभावकारी बनाउनुपर्छ मान्यता हो तर के सबै सुविधाहरु दिन सरकार सक्षम हो त वा निजी विद्यालयहरु पनि ? विद्यार्थीहरूमा जिज्ञासा जगाउने, अनुसन्धान गर्ने, प्रश्न सोध्ने, समूहमा काम गर्ने तथा आफ्ना विचार प्रस्तुत गर्ने वातावरण सिर्जना गर्नु शिक्षकको महत्वपूर्ण जिम्मेवारी हो । त्यो नियम प्रत्येक देशमा लागु हुन्छ तर हाम्रो समर्पण के हो । अद्यावधिक शिक्षकले प्रत्येक विद्यार्थी फरक क्षमता, रुचि तथा सिकाई शैलीका हुन्छन् भन्ने कुरा बुझेर सोहीअनुसार शिक्षण रणनीति अपनाउँछन् अनि हामी विषय विज्ञ पनि छौँ । तर, पनि शिक्षा किन पछाडी सोचौँ न ?

कक्षाकोठामा प्रवेश गर्नु अघि शिक्षकले दैनिक पाठयोजना तयार गर्ने, सिकाई उद्देश्य निर्धारण गर्ने, आवश्यक शिक्षण सामग्रीको व्यवस्था गर्ने तथा सिकाई क्रियाकलापको स्पष्ट योजना बनाउने कार्यलाई प्राथमिकता दिनुपर्छ, यो भनाई मात्र हो व्यवहारमा देखिएन । राम्रो योजना भएको कक्षा व्यवस्थित, आकर्षक तथा प्रभावकारी हुन्छ । योजनाबिना गरिएको शिक्षणले विद्यार्थीमा अपेक्षित उपलब्धि हासिल गर्न कठिन हुन्छ त्यो । म ५०० स्कुल भ्रमण गरे कतै पनि देखिन । त्यसैले आधुनिक शिक्षकले पाठयोजना, समय व्यवस्थापन तथा सिकाई परिणामलाई विशेष महत्व दिन्छन् वा समय मात्र बर्वाद गर्ने हो ।

कक्षाकोठाको वातावरण सिकाइको आधार हो । सफा, सुरक्षित, समावेशी, बालमैत्री तथा सहयोगात्मक वातावरणले विद्यार्थीमा सिक्ने इच्छा बढाउँछ । शिक्षकले कुनै पनि प्रकारको विभेद नगरी सबै विद्यार्थीलाई समान अवसर प्रदान गर्नुपर्छ । विद्यार्थीको जात, भाषा, धर्म, लिङ्ग, आर्थिक अवस्था, शारीरिक अवस्था वा सिकाई क्षमताका आधारमा भेदभाव गर्नु शिक्षकीय आचारसंहिताविपरीत हुन्छ तर हाम्रो सामाजिक अवधारणा र यसको विकासक्रम पनि त बिचमा होला अनि त्यो गर्नै पनि बाध्यात्मक अवस्था मात्र हो जस्तो लाग्यो । अद्यावधिक शिक्षकले सबै विद्यार्थीलाई सम्मानपूर्वक व्यवहार गर्दै उनीहरूको आत्मविश्वास बढाउने वातावरण सिर्जना गर्छन् । यो धारणाको विकास गर्न इतिहासमा पनि ठुलो भमिका छ - त्यो राणाकलिन सामाजिक व्यवस्था हो । विद्यार्थीकेन्द्रित शिक्षण आधुनिक शिक्षाको प्रमुख आधार हो हामी मान्छौं तर पनि समाज विकासका आधारमा के ? शिक्षकले लामो समयसम्म एकोहोरो व्याख्यान दिनुभन्दा विद्यार्थीलाई सक्रिय सहभागितामा जोड दिनुपर्छ तर हाम्रो संस्कार त परम्परावादी नै हो । छलफल, प्रश्नोत्तर, समूहकार्य, परियोजना कार्य, प्रयोगात्मक गतिविधि, भूमिका निर्वाह, प्रस्तुतीकरण, समस्या समाधान तथा अनुसन्धानमुखी अभ्यासले सिकाइलाई स्थायी बनाउँछ । विद्यार्थी आफैंले अनुभव गरेर सिकेको ज्ञान लामो समयसम्म स्मरण रहन्छ । शिक्षकले सिकाईलाई जीवनसँग जोडेर व्यवहारिक बनाउनु आवश्यक छ र अबको शिक्षामा परिवर्तन पनि जरुरी । सूचना तथा सञ्चार प्रविधिले शिक्षण सिकाईमा नयाँ सम्भावना सिर्जना गरेको छ, यो समाज अग्रसर पनि हो । कम्प्युटर, प्रोजेक्टर, स्मार्ट बोर्ड, इन्टरनेट, शैक्षिक भिडियो, डिजिटल सामग्री, अनलाइन सिकाई प्लेटफर्म तथा कृत्रिम बुद्धिमत्ताको प्रयोगले सिकाईलाई थप प्रभावकारी बनाएको छ मान्नुस् तर शिक्षाको विषेश सिकाईमा खास अन्तर छैन । किनकि सिकाई अग्रसर हो तर सिक्नेहरुमा तनाब मात्र छ । शिक्षकले यी प्रविधिको उचित प्रयोग गरी विद्यार्थीको रुचि बढाउने, कठिन विषयलाई सरल बनाउने तथा स्व-अध्ययनको अवसर उपलब्ध गराउने प्रयास गर्नुपर्छ । माध्यम फरक र गतिलो हुन पनि जरुरी हो । प्रविधिको प्रयोग उद्देश्यअनुसार सन्तुलित तथा सुरक्षित हुनुपर्छ

मूल्याङ्कन प्रणाली पनि आधुनिक शिक्षामा परिवर्तन भएको छ जस्तै: क्यास प्रणाली । वार्षिक परीक्षामा मात्र आधारित मूल्याङ्कन पर्याप्त मानिँदैन र हुनुहुदैन । निरन्तर मूल्याङ्कन, कक्षाकार्य, गृहकार्य, परियोजना, व्यवहार अवलोकन, प्रस्तुतीकरण, मौखिक परीक्षा तथा सिर्जनात्मक कार्यलाई पनि मूल्याङ्कनको आधार बनाइन्छ र पर्छ अनि त्यो प्रक्रियाको अवश्यक अनुगमन पनि । शिक्षकले नियमित रूपमा विद्यार्थीलाई रचनात्मक प्रतिक्रिया प्रदान गरी कमजोरी सुधार गर्ने अवसर दिनुपर्छ र परिणाम पनि त्यो अनुसार दिन सकिन्छ । मूल्याङ्कनको उद्देश्य केवल अंक दिनु नभई सिकाई सुधार गर्नु हो, यो अविभावक र शिक्षकले मनन् गर्न जरुरी पनि छ ।

अनुशासन व्यवस्थापनमा पनि आधुनिक दृष्टिकोण आवश्यक छ । शारीरिक वा मानसिक दण्डले विद्यार्थीमा डर सिर्जना गर्छ तर सिकाई सुधार गर्दैन । हाम्रो मान्यता दण्डविहिन हो । शारिरिक र मानसिक कुनै होइन यो गर्न पनि सकिन्छ तर यो तपाईको क्षमतामा भर पर्छ है । शिक्षकले प्रेम, सम्मान, संवाद, परामर्श तथा सकारात्मक प्रेरणाको माध्यमबाट अनुशासन कायम गर्नुपर्छ । स्पष्ट नियम, समान व्यवहार तथा विद्यार्थीको सहभागितामा तयार गरिएका कक्षाकोठाका नियमहरू प्रभावकारी हुन्छन् र त्यो तपाईको व्यवस्थापनमा भर पर्छ । अति दण्ड पनि ख्याल गरौँ र स्कुलको शिक्षक सहजकर्ता हो, जल्लाद होइन् ।

समावेशी शिक्षाको अवधारणाले प्रत्येक विद्यार्थीलाई समान सिकाई अवसर उपलब्ध गराउने लक्ष्य राख्छ र नीति पनि हो र समावेश पनि गरिन्छ । तर, के लागु भएको हो वा भनाई हो । फरक क्षमता भएका, विशेष आवश्यकता भएका तथा विभिन्न सामाजिक पृष्ठभूमिका विद्यार्थीलाई आवश्यक सहयोग प्रदान गर्नु शिक्षकको दायित्व हो वा यो अर्को

»» बाँकी पृष्ठ ५ मा'.

## शिक्षकलाई कम्प्युटर तालिम

गलकोटपत्र/हटिया

गलकोट नगरपालिका वडा नं. २ नरेठाँटीमा कम्प्युटर तालिम शनिवार सुरु भएको छ ।

कालिलेक सामुदायिक सिकाई केन्द्र गलकोट नगरपालिका वडा नं. २ को आयोजना तथा गलकोट नगरपालिकाको समन्वयमा गलकोट नगरपालिका वडा नं. १, २ र ४ का शिक्षक लक्षित आवश्यकतामा आधारित ३० घण्टे कम्प्युटर तालिम सुरु भएको छ ।

कार्यक्रममा बोल्दै गलकोट नगरपालिकाका नगर प्रमुख भरत शर्मा गैरेले अहिलेको समय डिजिटल युगको भएकाले यस तालिम शिक्षकहरुको लागि प्रभावकारी बन्ने बताए ।

उनले शिक्षा क्षेत्रमा प्रविधिको प्रयोग आजको प्रमुख आवश्यकता मात्र नभई गुणस्तरीय सिकाइका लागि यो अपरिहार्य सर्त भइसकेको बताए । गैरेले अहिलेका विद्यार्थीहरू प्रविधिमैत्री बन्दै गइरहेको अवस्थामा उनीहरूलाई सहजीकरण गर्ने शिक्षकहरू पनि समयसापेक्ष रूपमा प्रविधीय रूपमा सक्षम हुनुपर्ने कुरामा जोड दिए । तालिममा गलकोट नगरपालिका वडा नं. १, २ र ४ का १६ जना शिक्षकहरुको सहभागिता रहेको छ । कार्यक्रम कालिलेक सामुदायिक सिकाई केन्द्रका अध्यक्ष चन्द्रदत्त रेग्मीको अध्यक्षता, सिकाई केन्द्रका सदस्य बुल बहादुर के.सी.को स्वागत र सदस्य धन बहादुर पुनको सञ्चालनमा सम्पन्न भएको थियो ।

# ९० मिनेटले दिएको जीवनको पाठ



शिव खड्का

रेफ्रीको अन्तिम सिटीसँगै मैदानभरि दुई फरक दृश्य देखिन्छन् । एकातिर विजयको उल्लास हुन्छ, अर्कोतिर अविष्मरणीय पराजयको पीडा । कसैले ट्रफीलाई आकाशतर्फ उचालेर जीवनकै सबैभन्दा ठूलो क्षणलाई अङ्गाल्छ, कसैले आँसुसँगै आफ्नो सपना बगाउँछ । विस्तारै रंगशालामा देखिने उत्साहित दर्शकहरु घर फर्कन थाल्छन, रंगशालाका बत्तीहरु क्रमशः निभ्दै जान्छन्, सामाजिक सञ्जालका बहसहरु पनि बिस्तारै मत्थरिन्छन् । तर एउटा प्रश्न भने मनमा अझै बलि रहन्छ, के विश्वकप केवल फुटबल प्रतियोगिता हो, कि जीवन बुझाउने एउटा विराट पाठशाला पनि ? फुटबलको खेल अवधि ९० मिनेट तर ९० मिनेट भित्रको तयारीदेखि खेल सम्पन्न सम्म पुग्न वर्षौंको तयारी, हजारौं घण्टाको अभ्यास, अनगिन्ती असफलता, चोट, त्याग र आत्मअनुशासन चाहिन्छ । हामी प्रायः गोल देख्छौं, तर गोलसम्म पुग्ने यात्रा देख्दैनौं ।हामी ट्रफी देख्छौँ, तर त्यसलाई उचाल्न गरिएको तपस्या देख्दैनौं । हो जीवन पनि यस्तै हो ।

समाज सफलताको प्रशंसा गर्दछ, परिणाम छिटो देख्छ तर सफलताभित्र लुकेका संघर्षका कथा प्रायः ओझेलमा पर्छन् ।त्यसैले विश्वकपको ९० मिनेटले दिने पहिलो पाठ यही हो, सफलता संयोग होइन, निरन्तर प्रयासको स्वाभाविक परिणाम हो । विश्वकपले अर्को महत्वपूर्ण सत्य पनि उजागर गर्छ प्रतिष्ठाले मात्र विजय दिलाउँदैन। इतिहासमा नाम कमाएका धेरै टोलीहरू अपेक्षाभन्दा चाँडै प्रतियोगिताबाट बाहिरिएका छन् । अर्कोतर्फ, कम आँकिएका टोलीहरुले संसारलाई आश्चर्यचकित पारेका छन् । खेलले हरेक पटक एउटै कुरा दोहोऱ्याउँछ, हिजोको गौरव आजको जितको ग्यारेन्टी होइन। जीवनमा पनि यही नियम लागू हुन्छ। कुनै व्यक्ति, संस्था वा राष्ट्रले विगतका उपलब्धिमा मात्र रमाएर भविष्य जित्न सक्दैन। हरेक दिन आफूलाई पुनः प्रमाणित गर्नुपर्छ । फुटबलमा एउटा उत्कृष्ट खेलाडी हुनु ठूलो कुरा हो, तर त्यो पर्याप्त हुँदैन । महान् खेलाडीले पनि सही समयमा साथीलाई पास दिन जान्नुपर्छ । गोल गर्ने खेलाडी महत्वपूर्ण हुन्छ, तर गोलको अवसर सिर्जना गर्ने खेलाडी पनि उत्तिकै मूल्यवान् हुन्छ । यही कारणले फुटबल केवल व्यक्तिगत प्रतिभाको होइन, सामूहिक विश्वासको खेल हो । यसले हामीलाई सिकाउँछ, व्यक्तिगत चमकभन्दा सामूहिक उद्देश्य ठूलो हुन्छ । परिवार, विद्यालय, कार्यालय, समाज र राष्ट्र सबै ठाउँमा यही सिद्धान्त लागू हुन्छ। जहाँ "म" भन्दा "हामी" बलियो हुन्छ, त्यहाँ सफलता दिगो हुन्छ।हारलाई हामी प्रायः अन्तिम सत्य ठान्छौं। तर विश्वकपले हारको पनि गरिमा हुन्छ भन्ने सिकाउँछ । फाइनलमा पराजित हुने टोली पनि संसारकै दोस्रो उत्कृष्ट टोली हो। तिनका आँसु कमजोरीका होइनन्, समर्पणका प्रतीक हुन् । हारले मानिसलाई विनम्र बनाउँछ, सुधारको अवसर दिन्छ र पुनः उठ्ने शक्ति दिन्छ। इतिहासका धेरै महान् खेलाडीहरु पहिलो प्रयासमै च्याम्पियन बनेका थिएनन्। उनीहरू बारम्बार लडे, उठे, सिके र अन्ततः इतिहास बने। जीवनको सबैभन्दा ठूलो असफलता हार्नु होइन! हारपछि प्रयास गर्न छोड्नु हो ।

विश्वकपको अर्को सुन्दर पक्ष अनुशासन हो। खेलाडीहरूलाई थाहा हुन्छ, केही सेकेन्डको असावधानीले वर्षौंको सपना समाप्त हुन सक्छ। त्यसैले उनीहरु नियमभित्र रहेर आफ्नो उत्कृष्ट प्रदर्शन दिन्छन्। समयको सम्मान, निर्णयको स्वीकार्यता, प्रतिकूल अवस्थामा पनि संयम र आत्मनियन्त्रण– यी गुणहरू खेलका मात्र होइनन्, सभ्य समाजका पनि आधार हुन् । अनुशासनविना प्रतिभा अधुरो हुन्छ! चरित्रविना सफलता अस्थायी हुन्छ। आजको विश्व फुटबलमा प्रविधिले पनि महत्त्वपूर्ण भूमिका खेलेको छ । भिडियो असिस्टेन्ट रेफ्री (ख्ब्च) जस्ता प्रणालीहरूले खेललाई अझ निष्पक्ष बनाउने प्रयास गरेका छन् । यसले खेलभन्दा परको एउटा गहिरो सन्देश दिन्छ कि न्यायमा विश्वास त्यतिबेला बलियो हुन्छ, जब प्रक्रिया पारदर्शी हुन्छ । समाज, प्रशासन, शिक्षा र राजनीतिमा पनि यही सिद्धान्त लागू हुन्छ। निष्पक्षता कुनै पनि प्रणालीको सबैभन्दा ठूलो शक्ति हो ।नेपालमा विश्वकपको उत्साह छुट्टै हुन्छ। हिमाल, पहाड र तराईका गाउँदेखि सहरसम्म, चिया पसलदेखि विश्वविद्यालयका छात्रावाससम्म, सामाजिक सञ्जालदेखि सार्वजनिक चोकसम्म विश्वकपले नेपालीलाई एउटै भावनामा बाँधिदिन्छ । कसैले अर्जेन्टिनालाई समर्थन गर्छ, कसैले ब्राजिल, स्पेन, फ्रान्स वा अन्य टोलीलाई । तर ती सबैभन्दा माथि एउटा साझा पहिचान हुन्छ, हामी सबै फुटबलप्रेमी हौं । खेलले भाषा, जात, धर्म, भूगोल र राजनीतिक विचारभन्दा माथि उठेर मानिसलाई जोड्ने अद्भुत शक्ति राख्छ। आजको विभाजित विश्वमा यो शक्ति अझ मूल्यवान् छ ।तर समर्थक हुनु भनेको आफ्नो टोली जित्दा मात्र खुसी हुनु होइन । हार्दा पनि प्रतिद्वन्द्वीलाई सम्मान गर्न सक्नु नै खेल संस्कृतिको परिपक्वता हो । पछिल्ला वर्षहरूमा सामाजिक सञ्जालले समर्थनलाई कहिलेकाहीं कटुता र अपमानतर्फ पनि धकेलेको देखिन्छ। विश्वकपको वास्तविक मर्म प्रतिद्वन्द्वीलाई हराउनु हो, अपमान गर्नु होइन। प्रतिस्पर्धा खेलको सौन्दर्य हो! घृणा खेलको संस्कृति होइन ।

नेपालका लागि विश्वकप प्रेरणाको स्रोत पनि हो। विश्व फुटबलका धेरै राष्ट्रहरू कुनै समय शक्तिशाली थिएनन्। उनीहरूले दीर्घकालीन योजना, युवा विकास, प्रशिक्षक उत्पादन, वैज्ञानिक प्रशिक्षण र बलियो खेल संरचनामार्फत आफूलाई विश्वस्तरमा पुऱ्याए। नेपालसँग पनि प्रतिभाको कमी छैन। गाउँका खुला मैदानमा नाङ्गो खुट्टाले खेल्ने बालबालिकाको सपना कुनै विदेशी खेलाडीको सपनाभन्दा सानो छैन। फरक यति मात्र हो, उनीहरूलाई अवसर, पूर्वाधार र निरन्तर मार्गदर्शन चाहिएको छ। यदि विद्यालयस्तरबाटै खेललाई नीतिगत प्राथमिकता दिइयो भने आज टेलिभिजनमा हेरेको विश्वकप कुनै दिन नेपाली खेलाडीका लागि पनि सम्भावनाको मञ्च बन्न सक्छ।

हामी प्रायः खेललाई मनोरञ्जनका रुपमा मात्र हेर्छौं । तर खेल संस्कृति पनि हो, चरित्र निर्माणको माध्यम पनि हो र राष्ट्र निर्माणको साधन पनि हो। खेलले अनुशासन सिकाउँछ, हार स्वीकार्न सिकाउँछ, जितमा विनम्र रहन सिकाउँछ र फरक विचार भएका मानिससँग पनि हात मिलाउन सिकाउँछ। यस्तो शिक्षा कुनै पाठ्यपुस्तकले एक्लै दिन सक्दैन ।विश्वकप सकिन्छ, तर त्यसले छोड्ने सन्देश सकिँदैन। रंगशालाको घाँसमा फेरि अर्को प्रतियोगिताको तयारी सुरु हुन्छ । नयाँ पुस्ताका खेलाडीहरुले नयाँ सपना देख्छन्। समर्थकहरूले फेरि अर्को चार वर्षको दिन गन्न थाल्छन्। तर हाम्रो जीवनमा भने हरेक बिहान नयाँ खेल सुरु हुन्छ। हाम्रो कार्यालय एउटा मैदान हो, विद्यालय प्रशिक्षण केन्द्र हो, परिवार टोली हो र जिम्मेवारीहरू गोलपोस्टतर्फ बढिरहेका बलहरू हुन् ।

प्रश्न एउटै हो, के हामी दर्शक बनेर अरूको सफलता मात्र हेर्नेछौं, कि आफ्नै जीवनको मैदानमा इमानदारी, अनुशासन र निरन्तर प्रयासका साथ खेल्नेछौं? सायद विश्वकपको सबैभन्दा ठूलो पुरस्कार सुनौलो ट्रफी होइन। सबैभन्दा ठूलो पुरस्कार त्यो चेतना हो, जसले मानिसलाई हारबाट नडराउन, जितमा नमात्तिन, साथीमाथि विश्वास गर्न र आफ्नो सपनाप्रति अडिग रहन सिकाउँछ।

अन्ततः ९० मिनेटको खेलले हामीलाई एउटा अमूल्य सत्य बुझाउँछ ,जीवनमा समय सीमित हुन सक्छ, तर त्यसभित्र सिर्जना गर्न सकिने इतिहास असीमित हुन्छ ।

(लेखकः गलकोट नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख हुन्)

## नगरपालिकाबाट बजार अनुगमन

गलकोटपत्र/हटिया

गलकोट नगरपालिकाले बजारलाई व्यवस्थित, पारदर्शी तथा कानुन सम्मत बनाउन दर्ताविहीन तथा लामो समयदेखि नविकरण नगरिएका व्यापार व्यवसायमाथि कडाइ गर्दै बजार अनुगमनलाई तीव्रता दिएको छ ।

यसै क्रममा आज गलकोट नगरपालिका नम्वर ६ अन्तर्गत चरौँदी, नौविसे टोल लगायतका क्षेत्रमा नगरपालिकाको टोलीले बजार अनुगमन गरेको हो । अनुगमनका क्रममा दर्ता नगरी सञ्चालनमा रहेका तथा लामो समयदेखि व्यवसाय नविकरण नगरेका पसल तथा व्यापार व्यवसायलाई तत्काल बन्द गराइएको नगरपालिकाले जनाएको छ । नगरपालिकाका अनुसार व्यवसाय सञ्चालन गर्दा प्रचलित कानुन अनुसार अनिवार्य रुपमा व्यवसाय दर्ता तथा नियमित नविकरण गर्नुपर्ने व्यवस्था रहेकाले त्यसको पालना गराउन अनुगमनलाई प्रभावकारी बनाइएको हो । नियम विपरीत सञ्चालनमा रहेका व्यवसायलाई आवश्यक प्रक्रिया पूरा गरी मात्र पुनः सञ्चालन गर्न निर्देशन समेत दिइएको छ ।

गलकोट नगरपालिकाले व्यवसायीहरूलाई समयमै व्यवसाय दर्ता तथा नविकरण गर्न, कर तथा अन्य कानुनी दायित्व पूरा गर्न आग्रह गरेको छ । यसबाट बजार व्यवस्थापन प्रभावकारी हुने, उपभोक्ताको हित संरक्षण हुने तथा स्वस्थ र प्रतिस्पर्धी व्यावसायिक वातावरण निर्माणमा सहयोग पुग्ने विश्वास नगरपालिकाले लिएको छ ।

नगरपालिकाले बजार अनुगमनलाई आगामी दिनमा पनि निरन्तर सञ्चालन गरिने जनाएको छ । नियम विपरीत सञ्चालन हुने व्यवसायमाथि आवश्यक कानुनी कारबाही गरिने चेतावनी दिँदै सबै व्यवसायीलाई कानुनी प्रक्रिया पूरा गरेर मात्र व्यवसाय सञ्चालन गर्न अनुरोध गरेको छ ।

## रास्वपा बागलुङमा रायमाझी निर्वाचित

गलकोटपत्र/बागलुङ

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बागलुङको जिल्ला सभापतिमा ढालेन्द्र माझी निर्वाचित भएका छन । प्रतिद्वन्द्वी पुनम शर्मालाई ११ मतान्तरले पराजित गर्दै माझी सभापतिमा निर्वाचित भएका हुन ।शनिबार सदरमुकाम बागलुङ बजारमा भएको अधिवेशनमा शर्माले ८२ मत प्राप्त गर्दा माझीले ९३ मत पाएर विजयी हुन । उपसभापतिमा खिमानन्द पौडेल ९९ मतसहित विजयी भएका छन । उनका प्रतिस्पर्धी देबु जंगले ७५ मत प्राप्त गरेका थिए । सचिवमा लिलबहादुर (बाबिन) खत्री १ सय ११ मत प्राप्त गर्दै निर्वाचित भएका छन्। उनका प्रतिस्पर्धी प्रकाश रिजालले ६५ मत प्राप्त गरेका थिए ।त्यसैगरी सहसचिवमा बालकृष्ण शर्मा ८८ मत प्राप्त गर्दै विजयी भएका छन । उनका निकटतम प्रतिस्पर्धी कमल प्रसाद खरेलले ८५ मत प्राप्त गरेका थिए । सहसचिव पदमा तीन मतको झिनो अन्तरले शर्मा विजयी भएका थिए । यस्तै, क्षेत्रीय सदस्य (क्षेत्र नं. १) मा रामप्रसाद अधिकारी १ सय २ मतसहित निर्वाचित भएका छन । उनका प्रतिस्पर्धी यम कुमार मल्लले ६८ मत प्राप्त गर्नुभयो । क्षेत्रीय सदस्य (क्षेत्र नं. २) मा हिमाल खत्री ९७ मतसहित विजयी भएका छन । उनका प्रतिस्पर्धी कृष्ण बहादुर नेपालीले ७४ मत प्राप्त गरेका थिए ।२०८३ जेठ २३ गते गलकोटमा भएको प्रथम जिल्ला अधिवेशनबाट पुनम प्रसाद शर्माको नेतृत्वमा जिल्ला कार्यसमिति घोषणा भएपछि अर्का अध्यक्षका आकांक्षी ढालेन्द्र रायमाझी पक्षले अधिवेशन स्थलमै विरोध जनाएका थिए । केन्द्रमा प्रक्रियाको विषयमा उजुरी परेपछि केन्द्रीय निर्वाचन आयोगले बदर गरेको थियो ।

## नेकपाको वडा बैठक

गलकोटपत्र/हटिया

नेपाली कम्युनिष्ट पार्टी गलकोट नगरपालिका वडा नं. ६ वडा कमिटिको बैठक सम्पन्न भएको छ ।

बैठकमा थम्मन बुढाथोकीको संयोजकत्वमा ५१ सदस्यीय वडा अधिवेशन आयोजक समिति गठन गरिएको छ । बैठकले आगामी भदौ २० गते वडा अधिवेशन गर्ने, पार्टी सदस्यता नविकरण समयमै गर्ने, सबै टोल बस्तिमा पार्टीको भेला सञ्चालन गरी जनताको समस्या तथा गुनासाहरु बुझ्ने निर्णय गरेको छ ।

सो अवसरमा जिल्ला सहईन्चार्ज फमलाल निउरे, गलकोट नगर संयोजक गंगा भुजेल, नगर ईन्चार्ज हर्क थापा, वडा पार्टी ईन्चार्ज चन्द्रदत्त रेग्मीले देशको वर्तमान अवस्थाको बारेमा जानकारी गराउँदै पार्टीको गतिविधी, पार्टी व्यवस्थित र सुद्ढ गर्ने, समाजवाद उन्मुख पार्टीको कार्यभारलाई सफल पार्न सबैजना एकपक्ष भएर लाग्नुपर्ने भनाई राखेका थिए ।

बैठक गलकोट नगरपालिका वडा नं. ६ का वडा संयोजक थम्मन बुढाथोकीको अध्यक्षता, वडा सचिव दिलमाया घर्तीको स्वागत र सहईन्चार्ज भिम बि.क को सञ्चालनमा सम्पन्न भएको थियो । नेपाली कम्युनिष्ट पार्टी गलकोट नगरपालिका वडा नं. २ को वडा कमिटि बैठक सम्पन्न भएको छ ।

बैठकमा पार्टी संगठन सुदृढ र व्यवस्थित कसरी गर्ने, पार्टी सदस्यता नवीकरण गर्ने निर्णय गरिएको छ ।

वडा पार्टी अधिवेशनको तयारीका लागि पार्टी संयोजक गंगा कुँवरको संयोजकत्वमा वडा अधिवेशन तयारी समिति गठन गरिएको छ । सो अवसरमा नेपाली कम्युनिष्ट पार्टी गलकोट नगर संयोजक गंगा भुजेल, नगर ईन्चार्ज हर्क थापा, नगर सहईन्चार्ज चन्द्रदत्त रेग्मी ले देशको समसामयिक अवस्था, पार्टीको आन्तरिक तथा बाह्य गतिविधीको बारेमा आफ्नो भनाई राखेका थिए । बैठक गलकोट नगरपालिका वडा नं. २ का पार्टी ईन्चार्ज जीवन भण्डारीको अध्यक्षता, पार्टी संयोजक गंगा कुँवरको स्वागत र पार्टी सचिव उमेश नेपालीको सञ्चालनमा सम्पन्न भएको थियो । नेपाली कम्युनिष्ट पार्टी गलकोट नगरपालिका वडा नं. ४ को वडा कमिटि बैठक सम्पन्न भएको छ । बैठकमा आगामी भदौ ६ गते वडा अधिवेशन निर्णय गरिएको छ । बैठक गलकोट नगरपालिका वडा नं ४ का पार्टी संयोजक दल बहादुर खड्काको अध्यक्षता, सचिव लोकेन्द्र सुनारको स्वागत र सहसचिव शर्मिला मल्ल शर्माको सञ्चालनमा सम्पन्न भएको थियो । नेपाली कम्युनिष्ट पार्टी गलकोट नगरपालिका वडा नम्वर १ को वडा बैठक सम्पन्न भएको छ । बैठकमा नेपाली कम्युनिष्ट पार्टीका केन्द्रीय समिति सदस्य तथा गलकोट नगर इन्चार्ज हर्क थापाले देशको समसामयिक राजनीतिक, आर्थिक तथा सामाजिक अवस्थाबारे आफ्नो धारणा राख्दै पार्टी संगठनलाई थप सुद्ढ र जनमुखी बनाउन सबै नेता तथा कार्यकर्तालाई सक्रियतापूर्वक लाग्न आग्रह गर्नुभयो ।

बैठक वडा कमिटी इन्चार्ज गुमानसिंह बुढाथोकीको अध्यक्षता र गण्डकी प्रदेश कमिटी सदस्य जीवन भण्डारीको सञ्चालनमा सम्पन्न भएको थियो ।

## विद्यालयमा सहक्रियाकलाप

गलकोटपत्र/हटिया

दीप ज्योति आधारभुत विद्यालयमा सुन्दर अक्षर लेखन प्रतियोगिता सम्पन्न भएको छ ।

शुक्रबारिय अतिरिक्त क्रियाकलाप अन्तर्गत विद्यालयका कक्षा १ देखि ८ सम्मको सुन्दर अक्षर लेखन प्रतियोगिता सम्पन्न भएको हो ।

प्रतियोगितामा कक्षा १ बाट रत्ना जी, कक्षा २ बाट आरोही परियार, कक्षा ३ बाट ग्रेसन थापा मगर, कक्षा ४ बाट प्रतिक्षा चौधरी, कक्षा ५ बाट अनमोल के.सी. कक्षा ६ बाट रोशनी परियार, कक्षा ७ बाट रेजिना परियार र कक्षा ८ बाट खुशी बि.क. उत्कृष्ट भएको विद्यालयले जनाएको छ ।

घुम्ते आधारभुत विद्यालय गलकोट नगरपालिका वडा नं. ५ मा हिज्जे प्रतियोगिता सम्पन्न भएको छ ।

शुक्रबारिय अतिरिक्त क्रियाकलाप अन्तर्गत सञ्चालन गरिएको कक्षा २ देखि ५ सम्मको हिज्जे प्रतियोगितामा मोतिराम भट्ट सदनका प्रियान्सु परियार, स्मृति बस्नेत र अल्पेस बस्नेत प्रथम र वालकृष्ण सम सदनका रुवि नेपाल, विप्लव भण्डारी र अनु रोका द्वितिय भएको विद्यालयका सुचना अधिकारी सम्झना थापाले जानकारी दिइन ।

कार्यक्रम विद्यालयका प्रधानाध्यापक खैसरा साहानी बस्नेतको अध्यक्षता र शिक्षक बाटुला ढकालको सञ्चालनमा सम्पन्न भएको थियो ।

चमुवा आधारभुत विद्यालय गलकोट नगरपालिका वडा नं. ४ मा सुन्दर अक्षरलेखन प्रतियोगिता सम्पन्न भएको छ ।

प्रतियोगितामा कृष्टि गैरै र सगुनी क्षेत्री प्रथम, ईशिका सुवेदी द्वितिय र दिप्सन क्षेत्री तृतिय भएका छन् । त्यस्तै नर्सरी र के.जी. र कक्षा १ को कक्षागत बेलुन फुटाई प्रतियोगिता समेत सम्पन्न भएको विद्यालयका सूचना अधिकारी मदन शर्माले जानकारी दिए ।

कार्यक्रम विद्यालयका प्रधानाध्यापक नविन सुवेदीको अध्यक्षता र अतिरिक्त क्रियाकलाप संयोजक नरेश स्याङ्को सञ्चालनमा सम्पन्न भएको थियो ।

# दिगो विकास : परिपक्व नेतृत्व



डा. सिर्जना थापा

सुशासन र दिगो विकास केवल राम्रो प्रणाली वा कानुनले मात्र सम्भव हुँदैन । कानुन आवश्यक आधार हो तर त्यसलाई प्रभावकारी बनाउने शक्ति सचेत, परिपक्व र उत्तरदायी व्यक्तिमा निहित हुन्छ । सार्वजनिक पदमा रहेका व्यक्ति, कर्मचारी, शिक्षक, पत्रकार, व्यवसायी, विद्यार्थी वा आमनागरिक सबैले आआफ्नो जिम्मेवारी, इमानदारी, उत्तरदायित्व र नैतिकताका साथ निर्वाह गर्दा मात्र समाजमा विश्वास बलियो बन्छ ।

त्यसैले कुनै समस्या वा सङ्कट उत्पन्न हुँदा सम्पूर्ण दोष केवल सरकारमाथि थोपर्ने वा सार्वजनिक पदमा रहेका व्यक्तिले प्रत्येक आलोचनालाई प्रतिरक्षात्मक ढङ्गले सामना गर्ने दुवै प्रवृत्ति दीर्घकालीन समाधान होइनन् । लोकतान्त्रिक समाजमा सरकार, प्रतिपक्ष, सञ्चार माध्यम, नागरिक समाज र आमनागरिक सबैको साझा जिम्मेवारी हुन्छ । समस्याको कारण खोज्दै एकअर्कालाई दोष दिनुभन्दा समाधानका सम्भावना पहिचान गरी सहकार्यतर्फ अघि बढ्नु नै परिपक्व लोकतान्त्रिक अभ्यास हो । सार्वजनिक जीवनमा यसको सकारात्मक उदाहरण प्रशस्तै देख्न सकिन्छ । कुनै सार्वजनिक व्यक्तित्वले आलोचनालाई व्यक्तिगत आक्रमणका रूपमा नलिई तथ्य, प्रमाण र संवादमार्फत आफ्नो धारणा स्पष्ट गर्ने, आवश्यक परे आफ्ना कमजोरी स्वीकार गर्ने तथा सुधारका प्रतिबद्धता व्यक्त गर्ने शैलीले नागरिक विश्वास बढाउन मद्दत गर्छ । त्यसै गरी समाजमा पनि आलोचनाभन्दा समाधान, द्वन्द्वभन्दा संवाद र आरोप-प्रत्यारोपभन्दा सहकार्यलाई प्राथमिकता दिने धेरै उदाहरण छन्, जसले सकारात्मक नेतृत्वको अभ्यासलाई बलियो बनाइरहेका छन् । मनोविज्ञानका अनुसन्धानले देखाएका छन् कि व्यक्तिको निर्णय केवल ज्ञान, पद वा अधिकारले मात्र निर्धारण हुँदैन । व्यक्तिको व्यक्तित्व, हुर्काइ र जीवनका अनुभव तथा सामाजिक वातावरणले उसको सोच, निर्णय गर्ने शैली र व्यवहारलाई निरन्तर प्रभावित गरिरहेका हुन्छन् । त्यसैले नेतृत्व केवल अधिकार प्रयोग गर्ने विषय होइन! यो सचेत सोच, भावनात्मक परिपक्वता, नैतिक उत्तरदायित्व र निरन्तर सिकाइको प्रक्रिया पनि हो ।भावनात्मक बुद्धिमत्ताका प्रमुख अनुसन्धानकर्ता ड्यानियल गोलेम्यानका अनुसार प्रभावकारी नेतृत्वको आधार केवल बौद्धिक क्षमता होइन । आत्मचेतना, आत्मनियन्त्रण, सहानुभूति र सामाजिक सिप जस्ता गुणले सचेत र परिपक्व नेतृत्व निर्माण गर्छन् । अनुसन्धानले देखाएका छन् कि यस्ता नेताले सङ्कट, आलोचना वा दबाबको अवस्थामा आवेगपूर्ण प्रतिक्रिया दिनुभन्दा परिस्थिति बुझ्ने, संवाद गर्ने, सहकार्य खोज्ने र समाधानमुखी निर्णय गर्ने सम्भावना बढी हुन्छ ।

उदाहरणका लागि कुनै सार्वजनिक निर्णयपछि नागरिक वा प्रतिपक्षबाट कडा आलोचना आयो भने तत्काल प्रतिरक्षात्मक प्रतिक्रिया दिनु सहज हुन सक्छ तर सचेत र परिपक्व नेतृत्वले पहिले नागरिकको चिन्ता सुन्ने, आवश्यक तथ्य स्पष्ट गर्ने, गल्ती भए स्वीकार गर्ने र सुधारका उपाय प्रस्तुत गर्ने प्रयास गर्छ । यस्तो व्यवहारले तत्काल सबैलाई सन्तुष्ट नबनाए पनि दीर्घकालमा सार्वजनिक विश्वास निर्माण गर्न महत्वपूर्ण योगदान पुर्‍याउँछ ।

यसैसँग सम्बन्धित प्रक्रियागत न्याय सिद्धान्तका विद्वान् टम आर टाइलरले गरेका दशकौं लामो अनुसन्धानले देखाएका छन्– मानिसले केवल निर्णयको परिणामलाई मात्र होइन, निर्णय कसरी गरियो भन्ने प्रक्रियालाई पनि उत्तिकै मह□व दिन्छन् । जब निर्णय पारदर्शी, निष्पक्ष, सम्मानजनक र सहभागी प्रक्रियाबाट भएको अनुभव हुन्छ, नागरिकको कानुन, सार्वजनिक संस्था र नेतृत्वप्रतिको विश्वास उल्लेखनीय रूपमा बढ्छ । यसको उदाहरण कार्यस्थल, विद्यालय वा परिवारमै देख्न सकिन्छ । कुनै निर्णय सबैको पक्षमा नहुन सक्छ तर यदि सम्बन्धित व्यक्तिको कुरा सुनिएको छ, सम्मानपूर्वक व्यवहार गरिएको छ र निर्णयको आधार स्पष्ट रूपमा व्याख्या गरिएको छ भने त्यसलाई स्वीकार गर्ने सम्भावना धेरै बढ्छ । यही सिद्धान्त सार्वजनिक प्रशासन, न्याय प्रणाली र राजनीतिक नेतृत्वमा पनि समान रूपमा लागु हुन्छ ।

त्यसै गरी अमेरिकी मनोवैज्ञानिक कैरोल ड्वेकले प्रतिपादन गर्नुभएको 'ग्रोथ माइन्डसेट सिद्धान्त' ले मानिसको सोच, धारणा र दृष्टिकोणले उनीहरूको सफलता र प्रगतिमा कसरी असर पार्छ भन्ने कुराको व्याख्या गर्छ । अनुसन्धानले देखाउँछ कि सिक्न, सुधार गर्न, आफ्ना कमजोरी स्वीकार गर्न र प्रतिक्रिया ग्रहण गर्न तयार व्यक्ति दीर्घकालमा बढी सफल र प्रभावकारी नेतृत्वकर्ता बन्छन् । सार्वजनिक जीवनमा पनि आलोचनालाई व्यक्तिगत आक्रमणका रूपमा नभई सिकाइ र सुधारको अवसरका रूपमा लिन सकियो भने सचेत र परिपक्व नेतृत्व अझ सुदृढ बन्छ र संस्थाप्रतिको नागरिक विश्वास पनि बलियो हुन्छ ।

लोकतान्त्रिक समाजमा असहमति स्वाभाविक हुन्छ तर असहमतिलाई द्वन्द्वमा होइन, संवादमा रूपान्तरण गर्न सक्नु नै सचेत र परिपक्व नेतृत्वको वास्तविक पहिचान हो । दोषारोपण, आवेगपूर्ण प्रतिक्रिया वा शक्ति प्रदर्शनले केही समय चर्चा पाउन सक्छ तर दीर्घकालीन विश्वास निर्माण गर्न सक्दैन । आत्मचिन्तन, पारदर्शिता, उत्तरदायित्व, सहकार्य र समाधानमुखी नेतृत्वले मात्र नागरिक विश्वासलाई बलियो बनाउँदै सुशासन र दिगो सामाजिक विकासको आधार तयार गर्न सक्छ । अन्ततः सुशासन र दिगो विकास केवल सक्षम कानुनले मात्र होइन, सचेत र परिपक्व नेतृत्व तथा जिम्मेवार नागरिकको सामूहिक व्यवहारबाट सम्भव हुन्छ । 'सुशासन र दिगो विकास केवल सक्षम कानुनबाट होइन, सचेत र परिपक्व नेतृत्व, उत्तरदायी संस्था तथा जिम्मेवार नागरिकको सामूहिक व्यवहारबाट सम्भव हुन्छ ।'

निष्कर्ष

सुशासन र दिगो विकासका लागि कानुन मात्र होइन, सचेत र परिपक्व नेतृत्व तथा जिम्मेवार नागरिक पनि आवश्यक छन् ।

लोकतन्त्र सरकार, प्रतिपक्ष, सञ्चार माध्यम, नागरिक समाज र नागरिक सबैको साझा जिम्मेवारीमा आधारित हुन्छ । दोषारोपणभन्दा संवाद, सहकार्य र समाधानमुखी सोचले दिगो परिवर्तन सम्भव बनाउँछ ।

प्रभावकारी नेतृत्व आत्मचेतना, भावनात्मक बुद्धिमत्ता, नैतिक उत्तरदायित्व र निरन्तर सिक्ने मानसिकतामा आधारित हुन्छ । पारदर्शी र निष्पक्ष निर्णय प्रक्रियाले नागरिकको विश्वास सुदृढ बनाउँछ । आलोचनालाई सुधारका अवसरका रूपमा स्वीकार गर्ने नेतृत्व दीर्घकालमा बढी विश्वसनीय र प्रभावकारी हुन्छ । विश्वास, पारदर्शिता, उत्तरदायित्व र सहकार्य नै सुशासन तथा दिगो विकासका मूल आधार हुन् ।

शाभार: गोरखापत्र

### सामुदायिक...

समृद्ध गलकोट बनाउने उद्देश्यले वि.सं.२०६६ मा गलकोट सूचना तथा सञ्चार सहकारी संस्था लिमिटेड स्थापना भयो । जसले वि.सं.२०६७ फागुन २ देखि 'स्थानीय सञ्चार समुदायका लागि शक्ति र अवसर' भन्ने मान्यताका साथ मुद्रण पत्रकारिताको रुपमा गलकोटपत्र साप्ताहिक प्रकाशन गर्दै आइरहेको छ ।

विद्युतीय सञ्चार माध्यमका रुपमा वि.सं.२०६८ साउन १४ देखि प्रसारण हुदै आएको १ सय वाट क्षमताको सामुदायिक रेडियो गलकोट एफ.एम. १०२.४ मेगाहर्ज गलकोट र यसका आसपासका क्षेत्रलाई सुसुचित गर्ने सशक्त सञ्चार माध्यमका रुपमा स्थापित भएको हो । बदलिदो परिवेश र सेवा विस्तारका लागि वि.सं. २०७४ चैत्र १५ देखि क्षमता विस्तार गरि ५सय वाटको प्रसारण क्षमता रहेको छ ।

### थालेपोखरामा...

रूपमा नलिएको र कुनै चासो नदिएको स्थानीयको गुनासो छ । "नजिकै टावर भएर पनि हामीले फोनमा राम्ररी कुरा गर्न पाएका छैनौं डाटा चलाउन वा कसैको फोन उठाउन पनि घर बाहिरै कुद्नुपर्छ," स्थानीय छम गलामीले भने, "पटकपटक सम्बन्धित ठाउँमा भनिसक्यौं, तर कसैले पनि हाम्रो समस्या सुन्न र समाधान गर्न चासो देखाएका छैनन् ।" प्रविधि र सञ्चारको यो युगमा सामान्य फोन र इन्टरनेट सेवाबाट समेत वञ्चित हुनुपरेको भन्दै थालेपोखराका नागरिकहरूले तत्काल यस समस्याको स्थायी समाधानका लागि माग गरेका छन् । थालेपोखरामा अहिले ३६ घरधुरी बसोवास गर्दै आएका छन् ।

### गलकोटमा...

निकायले प्रचलित कानुन बमोजिम निष्पक्ष अनुसन्धान गरी आवश्यक कानुनी कारबाही अघि बढाउनुपर्ने संयुक्त माग गरिएको छ । आवश्यक परे यस विषयमा कानुनी प्रक्रियामा अघि बढ्न सबै पक्ष एकमत रहेको पनि विज्ञप्तिमा उल्लेख छ ।

गलकोट नगरपालिकाको शान्ति, सामाजिक सद्भाव, सुशासन, पारदर्शिता तथा विधिको शासनलाई थप सुदृढ बनाउन सबै पक्षबीच सहकार्य गर्दै अघि बढ्ने प्रतिबद्धता पनि संयुक्त विज्ञप्ति मार्फत व्यक्त गरिएको छ

उक्त संयुक्त प्रेस विज्ञप्तिमा राष्ट्रिय स्वतन्त्र पार्टी गलकोट नगर सभापति राजेन्द्र पुन, नेपाली कांग्रेस गलकोट नगर सभापति वीरजङ्ग भण्डारी, नेकपा (एमाले) गलकोट नगर कमिटीका कार्यवाहक अध्यक्ष ईश्वर बोहोरा, नेपाली कम्युनिष्ट पार्टी गलकोट नगर संयोजक गंगा बहादुर भुजेल, राष्ट्रिय जनमोर्चा गलकोट नगर अध्यक्ष टक बहादुर के.सी. र गलकोट उद्योग वाणिज्य संघका अध्यक्ष ढालिन्द्र प्रसाद गौतमले संयुक्त रुपमा हस्ताक्षर गरेका छन् ।

### गलकोटमा डिजिटल...

खेलकुद शाखा प्रमुख शिव खडकाले बताए

कार्यक्रममा नगर शिक्षा समिति सदस्य तथा जनजागृति माध्यमिक विद्यालयका प्रधानाध्यापक तेजिन्द्र बुढाथोकीले शुभकामना मन्तव्य व्यक्त गर्दै नगरपालिकाले शिक्षा क्षेत्रमा गरेको लगानी दीर्घकालीन रूपमा उपलब्धिमूलक हुने बताए । उनले स्मार्ट बोर्डको प्रभावकारी प्रयोगले विद्यार्थीको सिकाइ उपलब्धि सुधार हुनुका साथै शिक्षकलाई पनि प्रविधिमैत्री शिक्षण पद्धति अपनाउन थप सहज हुने बताउँदै उपलब्ध गराइएका सामग्रीको संरक्षण र अधिकतम सदुपयोग गर्दै शिक्षण-सिकाइलाई थप प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरेका थिए ।

कार्यक्रम गलकोट नगरपालिकाका नगरप्रमुख भरत शर्मा गैरेको अध्यक्षता र शिक्षा शाखा प्रमुख शिव खड्काको सञ्चालनमा सम्पन्न भएको थियो ।

नगरपालिकाले आगामी दिनमा पनि विद्यालयहरूमा आवश्यक प्रविधिमैत्री शैक्षिक सामग्री उपलब्ध गराउँदै गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि निरन्तर पहल गर्ने जनाएको छ ।

## बाल ज्योतिमा विव्यस गठन

गलकोटपत्र/हटिया

बाल ज्योती आधारभुत विद्यालय गलकोट नगरपालिका वडा नं. ११ मा अभिभावक भेला सम्पन्न भएको छ ।

भेलाको अवसरमा चन्द्रा श्रीसको अध्यक्षतामा ७ सदस्यीय विद्यालय व्यवस्थापन समिति गठन गरिएको छ ।

समितिको सदस्यहरुमा डिल बहादुर श्रीस, यमकली श्रीस, होम बहादुर दर्लामी, वडा प्रतिनिधि तारा कुमारी बस्याल, शिक्षक प्रतिनिधि होम बहादुर श्रीस, सदस्य सचिवमा प्रधानाध्यापक निम कुमारी घर्ती रहेका छन ।

पृष्पा श्रीसको संयोजकत्वमा शिक्षक अभिभावक संघ समिति गठन गरिएको छ । समितिको सदस्यहरुमा दम बहादुर श्रीस, होमकला घर्ती, भिम बहादुर पुन, गुञ्ज बहादुर घर्ती, शिक्षक प्रतिनिधि तिल कुमारी क्षेत्री, सदस्य सचिवमा प्रधानाध्यापक निम कुमारी घर्ती रहेका छन ।

छमाया थापाको अध्यक्षतामा ७ सदस्यीय सल्लाहकार समिति गठन गरिएको छ । समितिको सदस्यहरुमा देब थापा, तेजिन्द्र श्रीस, थम्मन शाहि, मन बहादुर श्रीस, जित बहादुर श्रीस, शान्ति शाहि रहेको विद्यालयले जनाएको छ ।

भेलामा बोल्दै गलकोट नगरपालिका वडा नं. ११ का वडा अध्यक्ष डम्बर बहादुर श्रीसले विद्यालयले शैक्षिक क्षेत्रमा महत्वपूर्ण योगदान गरेको बताउँदै विद्यालयले गुणस्तरिय शिक्षामा जोड दिनुपर्ने बताए । उनले नवगठित समितिलाई बधाई ज्ञापन गर्दै विद्यालयको चौतर्फि विकासमा लाग्न आग्रह समेत गरेका थिए ।

कार्यक्रममा रत्नलक्ष्मी माध्यमिक विद्यालयका प्रधानाध्यापक तुल बहादुर श्रीसले कार्यक्रमको सहजीकरण गरेका थिए भने टोल विकासको तर्फबाट देब थापाले मन्तव्य राखेका थिए । विद्यालयका प्रधानाध्यापक निम कुमारी घर्तीले विद्यालयको वर्तमान अवस्थाबारे जानकारी दिएकी थिइन ।

भेला विद्यालय व्यवस्थापन समितिका अध्यक्ष छमाया थापाको अध्यक्षता, शिक्षक तिला के.सी.को स्वागत र शिक्षक होम बहादुर श्रीसको सञ्चालनमा सम्पन्न भएको थियो ।

## लायन्स क्लवको वृक्षारोपण

गलकोटपत्र/हटिया

लायन्स क्लब अफ बागलुङ गलकोट सिटीको आयोजनामा गलकोट नगरपालिका वडा नं. ५ मा बृहत् वृक्षारोपण तथा सरसफाइ कार्यक्रम सम्पन्न भएको छ ।

"वातावरण मैत्री समाज निर्माण गर्ने साझा अभियान" अन्तर्गत हरियाली प्रवर्द्धन र सरसफाइप्रतिको सचेतना अभिवृद्धि गर्ने उद्देश्यले आयोजित उक्त कार्यक्रम गलकोट नगर अस्पताल परीसरमा सञ्चालन गरिएको थियो । कार्यक्रममा विभिन्न प्रजातिका बोटविरुवा र सुशोभन बिरुवाहरू रोपण गरिएको थियो । साथै, अस्पताल परिसरमा सरसफाइ समेत गरिएको क्लबले जनाएको छ ।

पर्यावरण संरक्षण र स्थानीय सौन्दर्य वृद्धिका लागि क्लबले यस्ता सामाजिक तथा रचनात्मक कार्यहरूलाई आगामी दिनमा पनि निरन्तरता दिने लायन्स क्लब अफ बागलुङ गलकोट सिटीका अध्यक्ष विरेन्द्र श्रेष्ठले बताए ।

कार्यक्रममा क्लबका पदाधिकारी, अस्पताल परिवार, वडा कार्यालय, स्थानीय बासिन्दा तथा विभिन्न संघसंस्थाका प्रतिनिधिहरूको सक्रिय सहभागिता रहेको थियो ।

लायन्स क्लब इन्टरनेसनल, डिष्ट्रिक्ट ३२५ जे नेपाल अन्तर्गत लायन्स क्लब अफ बागलुङ गलकोटको आयोजनामा गलकोट नगरपालिका वडा नं. ५ स्थित अन्तर्राष्ट्रिय मूर्तिकला सङ्ग्रहालय परिसरमा सरसफाइ, बिरुवाको गोडमेल तथा संरक्षण, वृक्षरोपण एवं नेपालको राष्ट्रिय झण्डा झण्डोत्तलन कार्यक्रम सम्पन्न भएको छ ।

मूर्तिकला सङ्ग्रहालय परिसर, सडक तथा वरपरका क्षेत्रहरूको सरसफाइ गरी फोहोरमैला व्यवस्थापन गरिएको थियो । साथै रोपिएका बिरुवाहरूको संरक्षण तथा थप वृक्षरोपण गरी वातावरण संरक्षणप्रति जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले अभियान सञ्चालन गरिएको थियो । कार्यक्रममा नेपालको राष्ट्रिय झण्डा झण्डोत्तलन गर्दै राष्ट्रिय एकता, सम्मान तथा नागरिक दायित्वप्रतिको प्रतिबद्धता व्यक्त गरिएको थियो । लायन्स क्लबले समाजसेवाको मूल भावना अनुसार वातावरण संरक्षण, सरसफाइ प्रवर्द्धन तथा सामाजिक उत्तरदायित्वलाई व्यवहारमा उतार्ने उद्देश्यले कार्यक्रम आयोजना गरेको जनाएको छ । सहभागीहरूले यस्ता रचनात्मक तथा सेवामूलक कार्यक्रमलाई आगामी दिनहरूमा समेत निरन्तरता दिनुपर्नेमा जोड दिएका थिए ।

कार्यक्रम क्लवका अध्यक्ष लायन नबिन गौतमको अध्यक्षता र सचिव लायन कुबीर बोहराको सञ्चालनमा सम्पन्न भएको थियो ।

**कक्षा...**

अर्थमा व्यवहार हो । तर, जुन जोगी आए पनि कानै चिरेको भन्ने अर्थ सार्थक हो । आवश्यक परे शिक्षण सामग्री, सिकाई समय तथा मूल्याङ्कन प्रक्रियामा लचकता अपनाउनु पनि आधुनिक शिक्षकको विशेषता हो तर, के हो शिक्षा नीति र हाम्रा नानीबाबुहरुले सिक्ने ? बनाउने गलत हुन वा हामी गलत हौ ? अभिभावकसँगको सहकार्य शिक्षकको कार्यसम्पादनको अर्को महत्वपूर्ण पक्ष हो । विद्यार्थीको सिकाई प्रगति, व्यवहार, उपस्थिती तथा आवश्यक सहयोगका विषयमा नियमित रूपमा अभिभावकसँग संवाद गर्नुपर्छ र हुन्छ पनि । बुझाई कहाँ फरक हो भन्दा शिक्षणमा र घरको वातावरणमा । विद्यालय र घरबीचको सहकार्य बलियो भएमा विद्यार्थीको समग्र विकासमा सकारात्मक प्रभाव पर्छ मानौँ तर शिक्षण गलत भएको भए त्यो कसरी पनि सोचौँ । त्यसैगरी विद्यालय व्यवस्थापन समिति, स्थानीय समुदाय तथा सरोकारवालासँग सहकार्य गरी विद्यालयको शैक्षिक वातावरण सुधार गर्न शिक्षकले सक्रिय भूमिका निर्वाह गर्नुपर्छ ।

शिक्षक स्वयम् पनि निरन्तर सिक्ने व्यक्ति हुनुपर्छ । हो कुन मानिस छ जसले जविनमा गल्तीबाट सिक्दैन । तर, शिक्षक मात्रले सिक्नुपर्छ भन्ने नि होइन्, सबैले सिकौ र सभ्यताको विकास गरौँ । तालिम, कार्यशाला, गोष्ठी, अनुसन्धान, अध्ययन तथा आत्ममूल्याङ्कनमार्फत आफ्नो ज्ञान र सीप अद्यावधिक गरिरहनुपर्छ हुन्छ पनि तर लागु गर्न के गर्ने भन्ने प्रणाली खोइ ? सरकारलाई प्रश्न ? नयाँ पाठ्यक्रम, नयाँ शिक्षण विधि, नयाँ प्रविधि तथा शैक्षिक नीतिबारे जानकारी राख्ने शिक्षकले मात्र प्रभावकारी शिक्षण गर्न सक्छन् यहाँ अनेक छन् र देखियो पनि । तर त्यो सिमिततामा आधारित हो वा छ । आत्ममूल्याङ्कनले आफ्ना कमजोरी पहिचान गरी सुधार गर्ने अवसर प्रदान गर्दछ र गरौँ पनि कसरी भन्ने त सिकौँ । शिक्षकीय नैतिकता आधुनिक कार्यसम्पादनको मेरुदण्ड हो हरेकलाई । समयपालन, इमान्दारिता, निष्पक्षता, जिम्मेवारी, अनुशासन, सकारात्मक व्यवहार तथा व्यावसायिक मर्यादाको पालन प्रत्येक शिक्षकको कर्तव्य हो तर देखिएन त । शिक्षकको बोली, व्यवहार, पहिरन तथा सामाजिक उत्तरदायित्वले विद्यार्थीमा प्रत्यक्ष प्रभाव पार्छ, यो अरुको देशको व्यवहारमा ल्याउन प्रयास नगरौँ । त्यसैले शिक्षक आफैं असल उदाहरण बन्नुपर्छ सिद्धान्ततः । आधुनिक कक्षाकोठामा सिर्जनशीलता र आलोचनात्मक सोचको विकासलाई विशेष महत्व दिइन्छ र यो सिकाईको विशेष क्षण र अवसर पनि हो । विद्यार्थीलाई केवल उत्तर याद गराउने होइन, किन, कसरी र केका लागि भन्ने प्रश्नमा सोच्न प्रेरित गर्नुपर्छ र गराउ । दैनिक जीवनका समस्या समाधान गर्न सक्ने क्षमता विकास गर्नु नै वास्तविक शिक्षाको उद्देश्य हो अनि भाषा र अनुसाशन पनि । शिक्षकले परियोजना, अनुसन्धान, स्थानीय स्रोतको प्रयोग तथा नवप्रवर्तनात्मक गतिविधिमार्फत यस्तो क्षमता विकास गर्न सक्छन् यहिं महाविर पुनले खोजे कि ? जीवनोपयोगी सीप, नैतिक शिक्षा, वातावरण संरक्षण, स्वास्थ्य शिक्षा, डिजिटल नागरिकता, लैङ्गिक समानता, मानव अधिकार तथा नागरिक जिम्मेवारी जस्ता विषयलाई पनि शिक्षण प्रक्रियामा समावेश गर्नु आवश्यक छ । आजको शिक्षकले केवल पाठ्यपुस्तकको ज्ञानमा सीमित नरही जीवनसँग सम्बन्धित सीप विकासमा जोड दिनुपर्छ । यसले विद्यार्थीलाई भविष्यका चुनौती सामना गर्न सक्षम बनाउँछ अनि मात्र हामी असल राष्ट्रको जगमा हुन्छौँ होला र स्कुलको पनि विरासतमा । कक्षाकोठा शिक्षकको कार्यसम्पादनमा अनुसन्धानमुखी सोच पनि आवश्यक हुन्छ । शिक्षकले आफ्नो शिक्षणको प्रभावकारिता अध्ययन गर्ने, विद्यार्थीको सिकाई विश्लेषण गर्ने तथा आवश्यक सुधारका उपाय अपनाउने कार्य गर्नुपर्छ । कार्यमूलक अनुसन्धानले शिक्षणलाई थप प्रभावकारी बनाउन सहयोग पुऱ्याउँछ । समय व्यवस्थापन पनि सफल शिक्षकको महत्वपूर्ण गुण होला । निर्धारित समयमा पाठ सम्पन्न गर्ने, सबै विद्यार्थीलाई सहभागिता गराउने, आवश्यक पुनरावृत्ति गर्ने तथा सिकाई उपलब्धि सुनिश्चित गर्ने क्षमता शिक्षकमा हुनुपर्छ कि ? समयको सही प्रयोगले कक्षाकोठा व्यवस्थित र उपलब्धिमूलक बन्छ भन्ने सकरात्मक आधार मानी जाऔँ ।

कक्षाकोठा शिक्षकको कार्यसम्पादन आधुनिक शिक्षाको मूल आधार हो, जसरी महेन्द्रले गरे वा गराइयो त्यो इतिहासमा । यस्तो शिक्षक ज्ञान दिने मात्र होइन, सिकाईको सहजीकरण गर्ने, विद्यार्थीको क्षमता पहिचान गर्ने, प्रविधिको प्रभावकारी प्रयोग गर्ने, समावेशी वातावरण निर्माण गर्ने, निरन्तर मूल्याङ्कन गर्ने, अभिभावकसँग सहकार्य गर्ने, व्यावसायिक रूपमा निरन्तर विकास गर्ने तथा नैतिक मूल्यको संरक्षण गर्ने व्यक्ति हुन्छ । यस्ता शिक्षकबाट मात्र गुणस्तरीय शिक्षा, सक्षम नागरिक तथा समृद्ध समाजको निर्माण सम्भव हुन्छ । बदलिँदो विश्व, प्रविधिको तीव्र विकास तथा विद्यार्थीको आवश्यकता अनुसार शिक्षकले आफ्ना ज्ञान, सीप र कार्यशैलीलाई निरन्तर अद्यावधिक गर्दै लैजानु आजको प्रमुख आवश्यकता हो । यसरी अद्यावधिक कक्षाकोठा शिक्षकको प्रभावकारी कार्यसम्पादनले विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्नुका साथै विद्यार्थीको सर्वाङ्गीण विकास, राष्ट्रिय विकास तथा विश्वस्तरीय प्रतिस्पर्धामा सक्षम मानव संसाधन उत्पादन गर्न महत्वपूर्ण योगदान पुऱ्याउँछ ।

गलकोट नगरपालिका– १ हाल बागलुङ

# ज्येष्ठ शिक्षकलाई सम्मान

गलकोटपत्र/हटिया

नेपाल निवृत्त शिक्षक समाज गलकोट नगर समितिद्वारा गुरु पूर्णिमाको अवसरमा नेपाल निवृत्त शिक्षक समाजमा आवद्ध ज्येष्ठ शिक्षकलाई सम्मान कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा गलकोट नगरपालिकाका नगर शिक्षा अधिकृत शिव खड्काले गुरु पूर्णिमाको दिन ज्येष्ठ शिक्षकलाई सम्मान गर्ने कार्य अनुकरणीय भएको बताए । उनले शिक्षकप्रति सम्मानको भावना कायम राख्न यस्ता कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने उल्लेख गर्दै पछिल्लो समय नयाँ पुस्तामा शिक्षक र देशप्रतिको मोह घट्दै जानु दुःखद पक्ष भएको बताए ।

नगर शिक्षा अधिकृत खड्काले गलकोटका शिक्षकहरू स्थायी शिक्षक पदको प्रतिस्पर्धामा अपेक्षाकृत रूपमा सहभागी हुन नसकेको उल्लेख गर्दै यसतर्फ शिक्षकहरूले थप तयारी र सक्रियता देखाउनुपर्ने आवश्यकता रहेको धारणा व्यक्त गरे । साथै, निवृत्त शिक्षकहरूले वर्तमान शिक्षा क्षेत्रमा निरन्तर सहयोग र मार्गदर्शन गरिरहेकोमा धन्यवाद व्यक्त गरेका थिए ।

कार्यक्रममा नेपाल निवृत्त शिक्षक समाज गलकोट नगर समितिका अध्यक्ष टंक बहादुर केसीले आगामी भदौ दोस्रो सातादेखि गलकोट नगरपालिकाका ११ वटै वडामा नगर समितिको आयोजना तथा गलकोट नगरपालिकाको आर्थिक सहयोगमा अभिभावक सचेतना कार्यक्रम सञ्चालन गरिने जानकारी दिँदै सबैको सक्रिय सहभागिताका लागि आग्रह गरेका थिए

कार्यक्रममा नेपाल निवृत्त शिक्षक समाज जिल्ला समिति बागलुङका सचिव बद्रि प्रसाद ढकाल, सम्मानित शिक्षक विष्णु बम मल्ल, ज्येष्ठ शिक्षक पूर्णभद्र गौतम र गलकोट माध्यमिक विद्यालयका प्रधानाध्यापक राम बहादुर खत्रीले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रम नेपाल निवृत्त शिक्षक समाज जिल्ला समिति बागलुङका अध्यक्ष टंक बहादुर केसीको अध्यक्षता, उपाध्यक्ष बुल बहादुर केसीको स्वागत र सचिव यज्ञ प्रसाद सापकोटाको सञ्चालनमा सम्पन्न भएको थियो ।

त्यस्तै कार्यक्रमको अवसरमा नेपाल निवृत्त शिक्षक समाज गलकोट नगर समितिको आयोजनामा गत महिना गलकोट माध्यमिक विद्यालयमा सञ्चालन गरिएको निबन्ध प्रतियोगितामा प्रथम हुने पार्वती माध्यमिक विद्यालयका ज्ञानेन्द्र रोका, द्धितिय हुने शिव माध्यमिक विद्यालयका उत्तम गौतम, तृतिय हुने रत्नलक्ष्मि माध्यमिक विद्यालयका खुस्वु बुढाथोकीलाई पुरस्कार प्रदान गरिएको थियो ।

# बजारमा ग्याँसको अभाव

गलकोटपत्र/हटिया

गलकोट क्षेत्रमा केही दिनदेखि खाना पकाउने एलपी ग्याँसको चरम अभाव भएको छ ।

बजारमा ग्याँस आपूर्ति सहज हुन नसक्दा स्थानीय उपभोक्ता, विद्यार्थी तथा होटेल व्यवसायीहरू गम्भीर समस्यामा परेका छन् ।

ग्याँसको मौज्दात सकिएपछि डिपोहरूमा सर्वसाधारण धाउने गरेको तर डिपोहरूमा ग्याँस नआएपछि धेरैजसो उपभोक्ता रित्तो हात फर्किनु परेको छ । ग्याँस नपाउँदा विशेषगरी गलकोट नगरवासी, दैनिक ज्यालादारी गर्ने मजदुर, गलकोटमा डेरा गरी बस्ने विद्यार्थी तथा कर्मचारीहरू सबैभन्दा बढी प्रभावित भएका छन् । दाउराको विकल्प नहुने बजार क्षेत्रका घरपरिवारलाई बिहान–बेलुकाको छाक टार्न मुस्किल परेको छ ।

"ग्याँस सकिएर, डिपोमा धाउँदा पनि पाइँदैन," गलकोट हटियाका एक स्थानीयले भने, खाना कसरी पकाउने भन्ने चिन्ताले सताएको छ ।"

त्यस्तै ग्याँस अभावको प्रत्यक्ष असर गलकोटका होटेल तथा रेस्टुरेन्ट व्यवसायमा पनि परेको छ । ग्याँसको अभाव हुँदा ग्राहकलाई तत्कालै सेवा दिन कठिनाइ भइरहेको र यसले गर्दा बजारमा आउजाउ गर्ने यात्रु र सर्वसाधारणलाई खाजा–खाना खान समेत समस्या हुन थालेको मनु होटलका सञ्चालक चित्र सलामीले जानकारी दिए । ग्याँस आपूर्ति सहज नहुँदा आफुहरु मारमा परेको र होटलमा आउने ग्राहकलाई सेवा दिन निकै असहज भएको बि एण्ड बि होटल एण्ड रेष्टुरेन्टका सञ्चालक कौशिला घर्ती मगरले बताइन ।

ग्याँस आपूर्तिकर्ता तथा डिपो सञ्चालकहरूका अनुसार माथिल्लो स्तरबाटै आपूर्ति कम भएकाले स्थानीय स्तरमा अभाव सिर्जना भएको बताएका छन् । यद्यपि, ग्याँस जस्तो अति आवश्यक वस्तुको अभाव लम्बिँदै जाँदा कालोबजारी हुनसक्ने जोखिम पनि बढेको छ ।

स्थानीयले ग्याँस आपूर्ति सहज बनाउनका लागि गलकोट नगरपालिका, स्थानीय प्रशासन र सरोकारवाला निकायले तत्काल पहल गर्नुपर्ने माग गरेका छन् ।

## साहित्य सिर्जना

# जति पनि साथी हुन्छन

– गोबिन्द बि.सी.

जति पनि साथी हुन्छन् चरेस–गाँजा खाको बेला,
एउटा पनि साथी हुन्न दुखी पीडित भाको बेला ।

यो गर्दिन्छु, त्यो गर्दिन्छु, सबै कुरा पुऱ्याइ दिन्छु,
भन्दै घरमा आउँदा रैछन् चुनाव आको बेला ।

'तेरो लागि म छु' भन्ने त नपर्दा खेरि मात्रै रैछ,
बिन्ती पनि सुन्दैनन् साँच्चै सहयोग माको बेला ।

नचिन्ने त संघर्ष र दुःख परेको बेलामा हो,
साइनो जोड्दै आउँछन् सबै सफलता पाको बेला ।

सबै कुरा भुल्न सक्छ, गोप्य कुरा खुल्न सक्छ,
हल्का–हल्का खाको अनि रिमिझिमी लाको बेला ।

मुसिकोट–९, गुल्मी

# मौषम

– अमृत घर्ती मगर

मौसम चर्को छ
घाम लागे पनि शितल छैन
घाम चर्के पनि चौतारी छैन
भत्केको चौतारीमा
वर पिपल छैन
सुकेको पिपलमा
न्याउली रोए पनि
सुनुवाई छैन
सडे गलेको हाँगामा
थामिन मुस्किल मुस्किल छ
सरर हावा आउँछ
लू भन्दा कम विषाक्त छैन
कावा खान उडेका परेवाका
पखेटा फटफट गलिरहेछन्
झ्याट्ट झ्याट्ट भुइमा झरेर
विसिने ठाउँ छैन
अभ्यस्त छन्
आरनमा होमिन
तम्तयार छन्
भट्टिमा खारिन
समाजमा
देशमा
आवेशमा
आक्रोशमा
सन्तुलित बन्दै
धैर्यताको बाँधमा सम्हालिएर
विवेकको सागरमा स्नान गरेर
जलमा
जमिनमा
आकाशमा
कतै नऔडिने गरि
कतै हार गुहार नपाउँने गरि
शुद्ध चाल्नोमा चालिदै
चामल र बियाँ केलाउँने गरि
धुवाबाँट निसास्सिदैन
प्रदुषणको वदलाभाव लिएर
तेरो र मेरो नभन्ने गरी
अदली बदलीलाई
निमिट्यान्न पार्ने गरि
खबरदारी गर्दै
आफ्नै रफतारमा अघि बढिरहेछ ।

ताराखोला–२, अर्गल

# वडामा राष्ट्रिय परिचयपत्र वितरण

गलकोटपत्र/हटिया

गलकोट नगरपालिका वडा नम्बर ६ मा राष्ट्रिय परिचयपत्र वितरण कार्य सुरु भएको छ ।

वि.सं. २०७९ सालमा राष्ट्रिय परिचयपत्रका लागि आवेदन दिएका नागरिकहरुको परिचयपत्र वितरण कार्य आजबाट सुरु भएको वडा कार्यालयले जनाएको छ ।

जिल्ला वा बाहिरका केन्द्रहरूसम्म पुग्नुपर्ने बाध्यतालाई हटाउँदै आफ्नै घरदैलोको स्थानीय तहबाट सेवा पाएपछि स्थानीय नागरिकहरू निकै हर्षित भएका छन् । ९ सय २९ जना वडाबासीको परिचयपत्र वडामा आएको गलकोट नगरपालिका वडा नं. ६ का वडा अध्यक्ष राम प्रसाद कंडेलले जानकारी दिए । तत्कालीन समयमा व्यक्तिगत र जैविक (बायोमेट्रिक) विवरण बुझाएर कार्डको पर्खाइमा रहेका सेवाग्राहीहरूलाई लक्षित गरी विभागबाट प्राप्त भएका कार्डहरू संकलन गरेर वडाबाटै बाँडिएको अध्यक्ष कंडेलले बताए । उनले स्थानीय सरकारको दायित्व नै नागरिकलाई सहज तरिकाले सेवा पुऱ्याउनु रहेको बताए । वृद्धवृद्धा र अशक्तहरूलाई त झनै ठूलो राहत पुगेको छ उनले भने, आगामी दिनमा पनि सिंहदरबारको अधिकार र सरकारी सेवाहरू नागरिकको घरदैलोसम्मै पुऱ्याउन हामी निरन्तर क्रियाशील रहनेछौँ

२०७९ सालमा वडाबाटै विवरण संकलन गरेको र विभागबाट बनेर आएका ती कार्डहरू आफ्नै वडाबाट प्राप्त गर्न पाउँदा निकै खुसी लागेको स्थानीयले बताएका छन् । जिल्ला प्रशासन कार्यालय बागलुङमा गई फाराम भरेकाहरुका लागि भने परिचयपत्र जिल्लाबाटै लिन सकिने र परिचपत्रको नयाँ आवेदन भर्ने व्यवस्था समेत रहेको वडाले जनएको छ ।

# सहकारीले शैक्षिक सामग्री वितरण

गलकोटपत्र/हटिया

जय सन्तोषी माँ आधारभुत विद्यालय गलकोट नगरपालिका वडा नं. ३ तल्लो लमाईमा शैक्षिक सामग्री वितरण कार्यक्रम सम्पन्न भएको छ ।

भूपू गोर्खा बचत तथा ऋण सहकारी संस्था गलकोटको आयोजनामा विद्यालयमा अध्ययनरत विपन्न तथा जेहेन्दार गरी ९ जना विद्यार्थीलाई कापी, कलम, ईरेजर लगायतका शैक्षिक सामाग्री वितरण गरिएको विद्यालयले जनाएको छ ।

विद्यालयका प्रधानाध्यापक खिमा अधिकारीले उक्त शैक्षिक सामाग्रीहरुले बालवालिकाको अध्ययनमा सुधार गरी सिकाइ उपब्धिमा टेवा पुर्याउन मद्धत पुग्ने बताउँदै सामाग्री वितरण गर्ने सबैलाई धन्यवाद ज्ञापन गरेकी थिइन ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक अभिभावक संघका सदस्य, भूपू गोर्खा बचत तथा ऋण सहकारी संस्था प्रतिनिधि, शिक्षक, विद्यार्थी लगायतको सहभागिता रहेको थियो ।

कार्यक्रम भूपू गोर्खा बचत तथा ऋण सहकारी संस्था गलकोटका अध्यक्ष नर बहादुर साहानीको अध्यक्षता र सचिव तारा बहादुर अधिकारीको सञ्चालनमा सम्पन्न भएको थियो ।

# नगर कार्यपालिकाको बैठक

गलकोटपत्र/हटिया

गलकोट नगरपालिकामा आर्थिक वर्ष २०८३/०८४ को पहिलो नगर कार्यपालिकाको बैठक सम्पन्न भएको छ ।

बैठकमा विगतका आयोजना तथा कार्यक्रमहरूको समीक्षा, प्रभावकारी कार्यान्वयन र आगामी कार्ययोजनाहरुलाई कसरी कार्यान्वयन गर्ने सम्बन्धी विविध विषयमा छलफल गरिएको थियो । त्यस्तै बैठकले ठेक्का म्याद सम्बन्धि नगरपालिकाभित्र सञ्चालित बालमैत्री फर्निचरको खरिद तथा आपूर्ति सम्बन्धी ठेक्काको म्याद थप गर्ने निर्णय गरेको छ

बैठकमा चालू आर्थिक वर्षभित्र सञ्चालन हुने सम्पूर्ण विकास निर्माण तथा लक्षित कार्यक्रमहरूको सम्झौता प्रक्रियालाई आगामी भदौ महिनाभित्रै सम्पन्न गरिसक्नुपर्ने निर्णय गरेको गलकोट नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डम्बर बहादुर जि.सी ले जानकारी दिए । बैठक गलकोट नगरपालिकाका नगर प्रमुख भरत शर्मा गैरेको अध्यक्षतामा सम्पन्न भएको थियो ।

# मल्ममा बुट्यान फडानी

गलकोटपत्र/हटिया

गलकोट नगरपालिका वडा नं. ७ मा अनावश्यक झाडि तथा बुट्यान फडानी गरिएको छ ।

गलकोट नगरपालिका वडा नं. ७ अन्तर्गत टोल नं. ७ आँगाखेत बामीयाँ टोलका संयोजक हर्क बहादुर खड्काको नेतृत्वमा केन्द्रिय विद्युत प्रसारण लाईन तथा शाखा लाईनको झाडि तथा बुट्यान फँडानी गरिएको हो ।

वडाका जनप्रतिनिधि, नेपाल विद्युत प्राधिकरणका कर्मचारी, स्थानीय टोलबासीको सक्रिय सहभागितामा आँगाखेतको पुरानो स्वास्थ्य चौकी भवन, अम्रिसे खोला, गहते डाँडासम्म करिब १२०० मिटर वरिपरीको झाडि फँडानी कार्य गरिएको गलकोट नगरपालिका वडा नं. ७ का वडा अध्यक्ष राज बहादुर थापाले जानकारी दिए । प्रसारण लाईनको मुनि र आसपासका रुख-बुट्यान सफा गर्नाले प्राविधिक चुहावट तथा बारम्बार लाइन जाने समस्यामा उल्लेख्य कमी आउने विश्वास लिईएको छ । त्यस्तै भोल्टेज उच्च हुने भएकाले तार नजिक रुखका हाँगा पुग्दा हुन सक्ने 'सर्ट सर्किट' र आगलागी जस्ता जोखिमबाट स्थानीय समुदाय र वन क्षेत्रलाई जोगाउन मद्दत पुग्ने जनाईएको छ ।

# स्वास्थ्य चौकीको बैठक

गलकोटपत्र/हटिया

नरेठाँटी स्वास्थ्य चौकी सञ्चालन तथा व्यवस्थापन समितिको आर्थिक वर्ष २०८३/०८४ को पहिलो बैठक सम्पन्न भएको छ ।

बैठकले गत आर्थिक वर्षमा भएका कार्यक्रमहरुको समिक्षा गर्दै यो आर्थिक वर्षको कार्ययोजना तयार गर्ने निर्ण गरिएको छ । बैठकको अवसरमा स्वास्थ्य चौकीमा परिपूर्ति नभएका कुरा यो आर्थिक वर्षमा पुरा गर्ने, स्वास्थ्य चौकीको गुणस्तर मापदण्ड घट्न नदिन सबै पक्षले आफ्नो क्षेत्रबाट सक्दो सहयोग गर्ने लगायतका निर्णय गरिएको छ ।

कार्यक्रम नरेठाँटी स्वास्थ्य चौकी व्यवस्थापन समितिका अध्यक्ष हिम बहादुर भण्डारीको अध्यक्षता, स्वास्थ्य चौकी ईन्चार्ज जीवन नेपालीको स्वागत र अनमी शोभा काउचाको सञ्चालनमा सम्पन्न भएको थियो ।

## सहकारी दर्ता गर्नको लागि आवश्यक प्रक्रिया:

**क) प्रथम आमभेलाको उपस्थितिबाट निम्न निर्णयहरू गरेको हुनु पर्ने ।**

१. सहकारी संस्था दर्ता गर्ने निर्णय ।
२. सहकारीको नामाकरणको निर्णय ।
३. कार्यक्षेत्र तोक्ने निर्णय ।
४. शेयर रकम र प्रवेश शुल्क तोकेको निर्णय ।
५. संस्थाको रकम .............. ..... बैंकमा जम्मा गर्ने र नगद रकम कोषाध्यक्ष जिम्मा लिने निर्णयको फोटोकपी ।
६. विनियम मसौदा समिति गठनको निर्णय ।

**ख) दोश्रो आमभेलाको उपस्थितिबाट निम्न निर्णयहरू गरेको हुनु पर्ने :**

१. संचालक समिति र लेखा समिति गठनको निर्णय ।
२. विनियम स्वीकृतको निर्णय ।
३. संस्था दर्ता गर्न संस्थाको कुनै एक वा दुई पदाधिकारीलाई अधिकार प्रत्यायोजन गरेको निर्णय ।
४. अन्य थप निर्णय भए लेख्ने ।

**ग) सहकारी संस्था दर्ता गर्दा कार्यालयमा निम्न कागजातहरू संलग्न गर्नु पर्ने :**

१. प्रथम आमभेलाको उपस्थिति र निर्णयको फोटोकपी ।
२. दोश्रो आमभेलाको उपस्थित र निर्णयको फोटोकपी ।
३. कम्तीमा ३० जना शेयर सदस्यहरुको नामावली र उनीहरुको नागरिकताको प्रमाणित प्रतिलिपी :
४. आमभेलाबाट स्वीकृत विनियम २ (दुई) प्रति ।
५. अन्य सहकारीहरुमा शेयर सदस्य र संचालक समितिमा नरहेको स्वघोषणा पत्र ।
६. कार्यक्षेत्र तोकिएको सवै वडाका व्यक्तिहरुको आमभेलामा उपस्थिती रहनुको साथै शेयर सदस्य रहेको हुनु पर्ने ।
७. दर्ता गर्न आउने पदाधिकारी ( अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष ) मध्ये १ वा २ जना दर्ता गर्न जाने अधिकार प्रत्यायोजनको निर्णयको फोटोकपी ।
८. दर्ता गरी पाऊ भन्ने् व्यहोराको संस्थाको रु १०। को टिकट टांस गरेको पत्र तथा निवेदन ।

**सहकारी संस्था दर्ता गर्दा कार्यालयले अपनाउनु पर्ने विधि :**

१. संस्था दर्ता गर्न आउंदा पेश भएका कागजातहरुको र विनियमको गहिरो अध्ययन गरी सहकारी ऐन नियमानुसार भए नभएको रुजु गर्ने ।
२. प्रकृया नपुगेको र कागजात नपुगेको भए पुराउन लगाउने ।
३. विनियममा संशोधन गर्नु पर्ने वा थपघट गर्नु पर्ने भए गर्न लगाउने ।
४. सबै प्रकृया पुरा भएपछि दर्ताको निर्णयको लागि टिप्पणी तयार गरी निर्णय गर्ने ।
५. विनियम स्वीकृत गर्ने र एक प्रति कार्यालयमा राख्ने र एक प्रति संस्थालाई उपलव्ध गराउने ।
७ दर्ता रजिष्टरमा संस्था दर्ता गर्ने ।
८. दर्ता प्रमाण पत्र २ प्रति तयार एक प्रति कार्यालयमा राख्ने र एक प्रति संस्थालाई उपलव्ध गराउने ।
९. संस्था दर्ता गरिएको संस्थाको नाममा पत्र बनाई दिने र सो को बोधार्थ नगर स्तरी सहकारी संघ वा समिति जिल्ला सहकारी संघलाई दिने ।

**गलकोट नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**गलकोट, बागलुङ**

## कृषि उत्पादनमा आत्मनिर्भर बनौं

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन बृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, बिउ समयमै उपलब्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलब्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराइ युवाहरुलाई कृषिमा आकर्षित गरौं ।

कृषि पेशाप्रति सम्मान र गौरव गरौं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

गलकोट सूचना तथा सञ्चार सहकारी संस्था लिमिटेडहद्वारा प्रकाशित गलकोटपत्र साप्ताहिकका लागि : अध्यक्ष-विरेन्द्र श्रेष्ठ, सम्पादक- दिनेश पन्त, व्यवस्थापक- शर्मिला रोका मगर, कार्यकारी सम्पादक-वीरबहादुर चोखाल (९८५७६२५४४५)
कम्प्यूटर- सुमित कुँवर, ९८५७६२२३७२, कार्यालय : गलकोट नगरपालिका-३, हटिया, फोन नं.: ०६८-४१२०४२, ४१२०४३, ईमेल-galkotpatra@gmail.com, मुद्रण: नमुना अफसेट प्रेस, बागलुङ